





PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



**डढेलोबाट बचौ र बचाऔ ।**

- सलाई, लाइटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौ,
- जङ्गलमा सलाई तथा लाइटरको प्रयोग नगरौं र गर्नैपर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं,
- वन जङ्गलमा धुम्रपान नगरौं,
- हाम्रो सानो असावधानीले जङ्गलमात्र होइन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं, सचेत बनौं, डढेलोबाट आफूपनि बचौ र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



❖ वर्ष ३५ ❖ २०७८ चैत ०२ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 March 16 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २००


## रूस–युक्रेन युद्धको असर एक महीनापछि पर्छ –भन्सार अधिकारी

प्रस, परवानीपुर, १ चैत/

करीब तीन सातादेखि चलिरहेको रूस–युक्रेन युद्धको असर नेपालको व्यापारमा एक महीनापछि पर्ने वीरगंज भन्सारका अधिकारीहरूले बताएका छन्।

युक्रेन र रूसबाट विशेषगरी



तस्वीरः फाइल

सूर्यमुखी, भटमास, पामका कच्चा तेल (क्रुड आयल) मात्र आयात हुने भएकाले अहिले खासै केही असर नपरेको वीरगंजस्थित श्रीसिया सुक्खा बन्दरगाहका भन्सार अधिकृत गोपाल भण्डारीले बताए। "अहिले खासै असर परेको छैन, पहिलेका अर्डरहरू आइरहेका छन्। तर नयाँ अर्डरहरूका लागि समस्या हुन सक्छ। अर्डर दिइसकेपछि नेपाल आउन करीब डेढ/दुई महीना समय लाग्छ," उनले भने।

त्यसैगरी, युक्रेनबाट तोरीको गेडा पनि आउने गरेकोले नेपाली बजारमा खानेतेलको मूल्य आगामी दिनमा आकाशिने व्यवसायीहरूको प्रक्षेपण छ। नेपाली व्यवसायीहरूका अनुसार नेपालमा रूस–युक्रेन युद्ध लामो समयसम्म चलिरह्यो भने खानेतेलको मूल्य लिटरमा ३५० रुपैयाँसम्म पुग्न सक्ने उनीहरूको भनाइ छ।

सो युद्धका कारण अहिले नेपाल सरकारले भारतमा प्रशोधित तेल निर्यातमा नियन्त्रण गरी स्वदेशमा खपतको लागि भण्डारण गर्नुपर्ने नीति बनाइरहेको वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष एवं नेपाल चामल दाल सङ्घका राष्ट्रिय अध्यक्ष सुबोध गुप्ताले बताए।

बारा, पर्सा कोरिडोरसँगै नेपालभरि करीब तीन दर्जन खानेतेल उत्पादन गर्ने उद्योग सञ्चालनमा छन्। विगत दुई वर्षदेखि भारत निकासी गरी मालामाल भएका तेल उद्योगहरूले पछिल्लो समय आफ्नो क्षमता पनि विस्तार गरेका थिए।

## भारत निकासी हुने प्रशोधित तेलको परिमाण घट्यो

पर्सा, बारा कोरिडोरमा उत्पादित प्रशोधित तेल भारतमा निकासी हुने डिसेम्बरको अन्त्यदेखि भन्सार महसूललाई साढे पाँच प्रतिशतमा



परिमाण दिन प्रतिदिन घट्दै छ।

फागुनको अन्त्यसम्म वीरगंज नाकाबाट दैनिक ३५–४० वटा तेल लोड गाडी गइरहेको वीरगंज भन्सारका प्रमुख भन्सार अधिकृत हरिहर पौडेलले बताए। उनका अनुसार दुई महीना अगाडि वीरगंज नाकाबाट दैनिक ८० भन्दा बढी गाडी प्रशोधित तेल लिएर भारत निकासी हुन्थ्यो भने अहिले आधा घटेको छ। एउटा गाडीमा २३ देखि २७ टन तेल निकासी हुन्छ।

तेलको निकासी पछिल्लो समय कम हुनुको कारणमा भारत सरकारले कच्चा तेल आयातमा घटाएको भन्सार महसूल हो। दुई महीनाअगाडि कच्चा तेल आयातमा चालीस प्रतिशतभन्दा बढी भन्सार महसूल राखेको भारतले गत झारेपछि अहिले भारतकै व्यवसायीहरूले सस्तो मूल्यमा मलेशिया र थाइल्यान्डबाट कच्चा तेल आयात गरी प्रशोधन गरिरहेका छन्।

भारतमैं उत्पादन हुने प्रशोधित तेल नेपालको तेलभन्दा सस्तो पर्ने भएकोले भारत निकासी कम हुँदै गएको व्यवसायीहरूको भनाइ छ। रूँगटा समूहको ओसिभी फूड एन्ड फिड्स प्रालिका सञ्चालक सुरेश रूँगटाका अनुसार भारतमा भन्सार महसूल कटौतीका कारण अहिले नेपाली व्यवसायीले करोडौं रुपैयाँ घाटा सहेर सस्तोमा भारततर्फ तेल निकासी गरिरहेको बताए। उनले लिटरमा पहिलेभन्दा रु २० कम गरेर तेल निकासी गर्नुपरिरहेको बताए।

## आँपको बोटमा पर्याप्त मञ्जरी, कीराको प्रकोप पनि कम

नरेश यादव, पर्सागढी, १ चैत/

पर्सा जिल्लामा आँप, लिचीका रूखमा



तस्वीरः प्रतीक

यो वर्ष मञ्जरी (मोजर) पर्याप्त लागेको छ।

सिंचाइ कम हुने तथा धान, गहुँ, मकै, कोदो नफल्ने पर्ती जग्गामा आँप र लिचीका बिरुवा रोप्ने गरिन्छ। साथै वर्षमा एक/दुई पटक किसानहरूले आँप, लिचीका बोटमा सिंचाइ पनि गर्छन्।

गत वर्ष पूर्वबाट हावा चलेको कारण सबै मञ्जरी झरेको थियो। किसान जयकिशोर चौरसियाका अनुसार यस वर्ष आँप र लिचीका रूखमा कीराको प्रकोप पनि कम हुने बताए। यस वर्ष मञ्जरी लाग्नुअघि बढी वर्षा भएको कारण कीराको प्रकोप पनि कम हुने उनको अनुमान छ। उनले भने, "खासगरी आँपको फूलमा मधुवा कीरा लाग्छ, कीराले फूललाई चुसेर सखाप पार्ने गर्छ तर यस वर्ष वर्षा भएकोले अहिलेसम्म कीराको प्रकोप देखिएन।"

उनका अनुसार आँपमा दुई वर्षदेखि नयाँ रोग देखा परेको छ। फल लागिसकेपछि कीराले प्वाल पार्ने र आँप कुहिएर झर्ने गरेको उनले बताए। अहिलेसम्म पर्सा जिल्लामा ठूलो हावाहुरी चलेको छैन, जसले गर्दा रूखमा पर्याप्त मञ्जरी देखिन्छ। यसपालिको मञ्जरी हेरेर किसानहरूले बिरुवा तल चुना दलेका छन्। यदि कीराको प्रकोप देखिए जेटिएसँग सल्लाह लिएर औषधि छर्ने उनले जानकारी गराए।

पर्सा जिल्लामा व्यावसायिकरूपमा आँपखेती गरिंदैन। नेपालको पूर्वी जिल्लामा भने व्यावसायिक आँपखेती हुने गरेको छ।

## निजी क्षेत्रलाई फाइदा मात्र लिने संस्थाको रूपमा नलिन आग्रह

प्रस, पोखरिया, १ चैत/

नेपाल उद्योग वाणिज्य महासङ्घका वाणिज्य महासङ्घले गरेको बताए। उनले पालिकास्तरमा स्वास्थ्य क्षेत्रको

अध्यक्ष सुबोधकुमार गुप्ताले स्वागत गर्दै देश विकासका हरेक क्षेत्रमा निजी क्षेत्रसँग





तस्वीरः प्रतीक

वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रलाई व्यावसायिक फाइदा मात्र लिने संस्थाको रूपमा नलिन आग्रह गरेका छन्।

मङ्गलवार पोखरिया नगरपालिकास्थित पोखरिया जिल्ला अस्पतालमा निर्मित शल्यचिकित्सा कक्ष र सघन उपचार कक्षको उद्घाटन गर्दै वरिष्ठ उपाध्यक्ष ढकालले परम्परागत सोचमा परिवर्तन भएको दाबी गरे। उनले निजी क्षेत्रलाई व्यावसायिक फाइदा मात्र लिने संस्थाको रूपमा परिभाषित गरिदै आएकोमा अहिले परिवर्तन भएको बताए। उनले कोभिडकालमा अस्पतालहरूसँग सहकार्य गरेर आइसोलेशन बनाउने कार्य नेपाल उद्योग पूर्वाधार निर्माणमा निजी क्षेत्रले भूमिका खेल्ने र यसमा सरकारले सहकार्य गरेको खण्डमा नतीजा राम्रो आउने दाबी पनि गरे।

वरिष्ठ उपाध्यक्ष ढकालले राजस्वको सत्तरी प्रतिशत निजी क्षेत्रले धान्दै आएको बताउँदै स्वास्थ्य क्षेत्रको विकासमा सहकार्य गरेर जाँदा देशको प्रगति हुने दाबी गरे। उनले पोखरिया अस्पतालमा निर्मित शल्यचिकित्सा कक्ष र सघन उपचार कक्षबाट यस क्षेत्रका जनताले सेवा पाउने बताए। सोही सेवाको लागि वीरगंज धाउनुपर्ने अवस्था अब नरहने र उपचार अभावमा कसैले पनि ज्यान गुमाउनु नपर्ने उनले बताए।

वीरगंज उद्योग वाणिज्य सङ्घका मिलेर काम गरेमा परिणाम राम्रो आउने बताए। उनले निजी क्षेत्रसँग अर्थ भएको र सरकारले नीति निर्माण गर्ने हुनाले दुवैको सहकार्यमा हुने काम प्रभावकारी हुने बताए। उनकै अध्यक्षतामा भएको कार्यक्रममा संविधानसभा सदस्य प्रद्युम्न चौहान, नेपाल उद्योग वाणिज्य सङ्घ स्वास्थ्य समिति संयोजक हेमराज ढकाल, प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल, लोकतान्त्रिक समाजवादी पार्टीका नेता नेजामुद्दीन समानी, पोखरिया नगरपालिकाकी उपप्रमुख सलमा खातुनलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रमको सहजीकरण वीउवासङ्घका अधिकृत मनोज उपाध्यायले गरेका थिए।

## प्रिस्टिनले रेलको सङ्ख्या बढायो
### चैत अन्तिम सातासम्म ढुवानीको समस्या समाधान हुने

प्रस, वीरगंज, १ चैत/

नेपालको आयात–निर्यात सहज पार्न निर्माण गरिएको वीरगंजको श्रीसिया



तस्वीरः फाइल

सुक्खा बन्दरगाह भन्सार नाकाबाट हुने ढुवानी सेवा पछिल्लो समय प्रभावित बन्न थालेपछि बन्दरगाह सञ्चालन गर्ने कम्पनी प्रिस्टिन भ्याली ड्राइपोर्ट प्रालिले आफ्ना निजी रेलहरू बढाउँदै लगेको छ।

नेपाल–भारत तथा तेस्रो मुलुकसँगको व्यापार तथा ढुवानीमा पहिलेदेखि एकछत्र राज गर्दै आएको कन्करले रेलको सङ्ख्या घटाउँदै गएपछि नेपाली आयात–निर्यात प्रभावित बनेको छ।

कन्करको करीब दुई हजार खाली कन्टेनर सुक्खा बन्दरगाह भन्सारमा थुप्रिएका छन् भने विशाखापट्टनम भन्सारमा सामानले भरिएका तीन हजारवटा कन्टेनर होल्ड भएका छन्।

कोलकाता बन्दरगाहमा एक हजारको हाराहारीमा कन्टेनर होल्ड भएको व्यवसायीहरूको भनाइ छ। पहिले महीनामा ६० भन्दा बढी र्‍याक दिने गरेको कन्करले अहिले करीब पचास प्रतिशतले कटौती गरेको छ। फागुन २७ गतेसम्म कन्करको मात्र १२ वटा र्‍याक कोलकाता र विशाखापट्टनमबाट मालसामान बोकेर वीरगंज पुगेको थियो भने प्रिस्टिनले १५ वटा र्‍याक ल्याएको छ। मार्च महीनाको अन्त्यसम्म प्रिस्टिनले करीब ६० वटा र्‍याक ल्याउने लक्ष्य लिएको छ।

त्यसैगरी, गत फेब्रुअरीमा प्रिस्टिनले २६ र कन्करले २९ गरी कुल ५५ वटा र्‍याक आएको थियो भने जनवरीमा प्रिस्टिनले २१ र कन्करले ३४ गरी कुल ५५ वटा र्‍याक आएको थियो। डिसेम्बरमा प्रिस्टिनले ११ र कन्करले ३८ गरी ४९ वटा र्‍याक ल्याएको थियो। मार्च महीनापछि अवस्था सामान्य हुने प्रिस्टिन भ्याली ड्राइपोर्टका कमर्सियल चिफ विकाश शर्माले जानकारी गराए। सुक्खा बन्दरगाह भन्सार कार्यालयको ठेक्का प्रिस्टिन भ्याली प्रालिले पाएलगत्तै ढुवानीमा करीब बीस प्रतिशत भाडा घटाएको थियो।

पहिले एउटा कन्टेनर ८० हजारदेखि डेढ लाख रुपैयाँसम्म भाडा तिरेर आउँथ्यो भने अहिले ४५ हजारदेखि ९० हजार रुपैयाँसम्ममा कन्टेनर आउने गरेको छ। नेपाल–भारत रेलवे सर्भिस एग्रिमेन्ट कार्यान्वयनमा आइसकेपछि कन्करको एकछत्र अधिकार तोडिएको हो।

अब नेपाली वा विदेशी जुन पनि निजी क्षेत्रको ढुवानीकर्ता रेलले भारतबाट मालसामान वीरगंजसम्म पुर्‍याउन सक्छ भने नेपालको सामान भारतका बन्दरगाहमा पुर्‍याउन सक्छ। त्यस कारण नेपाल सरकारलाई असहज पार्न र प्रिस्टिन भ्यालीको व्यवस्थापनलाई तह लगाउन कन्करले दिन प्रतिदिन रेलको सङ्ख्या कटौती गर्दैछ।

नेपालमा मालसामान ढुवानी गर्ने रेलको भाडा घटेलगत्तै कन्करलाई घाटा लागेको भन्दै मासिकरूपमा उसले रेलको सङ्ख्या कटौती गर्दैछ।




## विचारसार र सूक्तिहरू

आफैंसँग वाचा गर, जतिसुकै कठिन किन नहोस्, आफ्नो सपना पूरा गरिछाड्छु ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## ज्येष्ठ नागरिक र हामी

आमाले नौ महीना गर्भमा राखेर जन्माएको शिशुलाई आमा र बुबा अनि परिवारका अन्य सदस्यहरूले खूबै मायाका साथ हेरचाह गर्छन् । उनीहरूको सबैखाले मागलाई आमा र बुबाले प्राथमिकतामा राखेर हैसियत अनुसार पूरा गर्छन् । यो हाम्रो समाजको अहिलेसम्मको दृष्टान्त हो । तर त्यही आमा र बुबा उमेर हदका कारण अशक्त हुन्छन अनि त्यही माया पाएका छोराछोरीबाट हेपिएको, अपहेलित भएका दुष्टान्तहरू हाम्रो समाजमा देखिने गरेका परिदृश्यहरू हुन् । ससाना नानीहरू मायामा पालिने प्रचलन अनि बूढाबूढी भएपछि हेपिएर बाँच्नुपर्ने कारणबाट देशभरमा थुप्रै बूढाबूढी अर्थात् ज्येष्ठ नागरिकहरू पीडित छन् । छोराछोरीहरू खासगरी वैवाहिक जीवनमा बाँधिएपछि आमा, बुबाहरू अपहेलनाको शिकार हुन्छन् । छोरी विवाहित भएर गएपछि घरमा सासू–ससुरासँग आमा र बुबा सरहको व्यवहार गर्न सक्दैनन् भने सासू–ससुराले पनि बुहारीलाई छोरीको दर्जामा राख्न सक्दैनन् । विवाह भएर छोरी अन्यको घरमा जाओस् अथवा अर्काकी छोरी बुहारीको रूपमा आफ्नो घरमा आओस् दुवैतर्फ यसै प्रकारका शृङ्खलाहरू चल्दै आएका छन्, हाम्रो समाजमा ।

युरोप, अमेरिका जस्ता समृद्ध देशहरूमा पनि यो समस्या छ । तर त्यहाँका मानिसहरू आत्मनिर्भर छन् र उनीहरू बुढेसकालमा छोराछोरीको आर्थिक सहयोगमा आश्रित हुँदैनन् । आर्थिकरूपमा सम्पन्न ज्येष्ठ नागरिकहरूका लागि आवश्यक सुविधाहरू सरकारले उपलब्ध गराएका कारण उनीहरूलाई छोराछोरीले नहेर्लान् कि भन्ने चिन्ता रहन्न । तर उनीहरू एक्लोपनको जीवन बिताउनुपरेकोमा दु:खी अवश्य हुन्छन् । किनभने आफुले जन्माएर हुर्काएको छोराछोरीसँग यो उमेर समूहमा आइपुग्दा सँगै बसौं, नातिनातिनासँग खेलौं रमाऔं भन्ने चाहना हरेक मानिसमा हुन्छ । हामी आर्थिकरूपमा कमजोर छौं र हाम्रो समाजका अधिंकाश ज्येष्ठ नागरिक छोराछोरीमाथि आश्रित छन् । सम्पन्न घरपरिवारमा पनि बुहारी भित्रिएपछि र नातिनातिना जन्मेपछि ज्येष्ठ नागरिकहरू अपहेलनाको शिकार हुने गरेको पाइएको छ। त्यसैले एकताका उमेर पुगेका बूढाबूढीहरू मृत्यु कुर्नका लागि परिवारसँग घरमा बस्नुभन्दा धार्मिकस्थलहरूमा एकान्त बस्न मन पराउँथे। हाम्रो देशमा चितवनको प्रसिद्ध देवघाट यसको उदाहरण हो। पछिल्ला समयमा देशका विभिन्न स्थानमा वृद्धाश्रम बनिरहेका छन् । घरपरिवारमा रुमलिएर सम्मानका साथ बाँच्न सक्ने वातावरण नभएकै कारण ज्येष्ठ नागरिकहरू वृद्धाश्रममा बस्नुपरेको कुरालाई आत्मसात गर्नैपर्छ । हाम्रो देशमा ज्येष्ठ नागरिकहरू सम्मानका साथ बस्न पाऊन् भन्ने उद्देश्यले एमाले नेतृत्वको पहिलो नौ महीने सरकारले मासिक सय रुपैयाँ दिने व्यवस्था गरेको थियो । अहिलेसम्म यो सामाजिक सुरक्षा भत्ता मासिक रु चार हजारमा परिणत भएको छ। बदलिंदो समयमा महँगी बढेकोमा यो रकम पर्याप्त छैन तर ज्येष्ठ नागरिकलाई जाउलोसम्म खाने वातावरण बनेको छ। भोकै सुत्नुपर्ने अवस्था छैन ।

केही ज्येष्ठ नागरिकहरू यही सामाजिक सुरक्षाभत्ताका कारण अहिले घरपरिवारमा सम्मानका साथ बाँच्न पाएका छन् । मानिस जन्मेपछि बूढो हुन्छ र जसरी बाल्यावस्थामा आमाबुबाले आफ्ना छोराछोरीको लालन र पालन जिम्मेवारीपूर्वक गर्छन्। त्यसैगरी, वृद्धावस्थामा पनि छोराछोरीले उही तरीकाबाट आफ्ना आमाबुबाको हेरचाह, पालनपोषण गर्नुपर्छ भन्ने सन्देश दिन जरुरी छ ।

# सन्दर्भ: अन्तर्राष्ट्रिय नारी दिवस

स्वतन्त्र विचार



विनोद गुप्ता

**तर नियम जति बनाए पनि नियत ठीक नभए केही हुँदैन भन्ने कुरा निर्मला पन्तलगायतका घटनामा सिद्ध भइसकेकाले 'बेटर हाफ'ले घरबाट नै शिक्षा दिंदा यस्ता घटना र व्यवहारबारे यथोचित शिक्षा दिनु पनि एक उपाय हुन सक्छ ।**

ऐतिहासिकरूपमा ठूलठूला उद्योग र कलकारखाना खुल्न थालेपछि महिलाहरूले समेत कलकारखानामा काम गर्न शुरू गरेको तर ज्यालाको असमानता, १६ घण्टा काम गर्नुपर्ने बाध्यता, मातृशिशुको स्याहारको व्यवस्था नभएको कारणले गर्दा १८औं शताब्दीको अन्त्यतिर मजदूर आन्दोलनको सुरुआत भएको देखिन्छ। सन् १८७२ मा पेरिसका श्रमिक महिला र १८९७, ८ मार्चको दिन अमेरिकाको न्यूयोर्क शहरका कपडा मिलका महिलाहरूले आठ घण्टा काम, समान ज्याला, ट्रेड युनियनको अधिकार, मातृशिशु सुरक्षाको लागि ऱ्याली निकालेर आमसभाको आयोजना गर्दै हडताल गरेको इतिहास छ । त्यसपछि यस्ता माग र आन्दोलन क्रमश: बढ्दै गएर अन्तत: १९०७, ८ मार्चका दिन श्रमिक महिलाहरूको पहिलो सम्मेलन जर्मनीको स्टुगार्डमा सम्पन्न भएको थियो।

त्यसपछि सन् १९०८ देखि आन्दोलन तीव्र गतिमा अगाडि बढ्दै गएर सन् १९०७ मा ८ मार्चकै दिन ट्रेड युनियनको हक, समान कामको समान ज्याला, आठ घण्टा काम र शिशु स्याहारसहितको व्यवस्था प्राप्त भएको हो । सन् १९१० मा डेनमार्कको राजधानी कोपेनहेगनमा भएको भेलाले दोस्रो अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रूपमा मनाउने निर्णय गरेको हो । यसलाई निरन्तरता दिंदै १९७५ मा संयुक्त राष्ट्रसङ्घको पहलमा अन्तर्राष्ट्रिय महिला वर्ष मनाउने गरी १८९ देशले हस्ताक्षर गरेका हुन् । नेपालमा सन् २०१७ देखि औपचारिकरूपमा नारी दिवसम नाउन शुरू भएको हो । विसं २०६८ सालमा डा बाबुराम भट्टराई प्रम भएको बेला यो दिवस श्रमिक महिलाहरूको विद्रोह र बलिदानको इतिहासलाई सम्झने दिन भएकोले यसलाई नारी दिवसको सट्टा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रूपमा समेत मनाउने गरिन्छ।

नेपालको सन्दर्भमा जनसङ्ख्याको आधारमा महिला ५१.५ प्रतिशत र पुरुष ४८.५ प्रतिशत रहेको पाइन्छ । अन्तर्राष्ट्रिय नारी दिवस मनाइरहँदा माओत्से तुङको शब्दमा 'बेटर हाफ'को नेपालमा के अवस्था छ भन्नेबारे जानकारी लिनु स्वाभाविक हुन्छ । युएन वुमेनको अगस्त २०२१ मा प्रकाशित Gender equality in numbers: Progress and challenges in achieving gender equality in Nepal को रिपोर्ट अनुसार नेपालमा गरीबीको रेखामुनि २५.१६ प्रतिशत जनसङ्ख्या रहेको छ । तर यो रिपोर्ट अनुसार निरपेक्ष गरीबीको रेखामुनि अर्थात् प्रतिदिन एक डलरभन्दा पनि कम आय भएको जनसङ्ख्या १९.६ प्रतिशत छ भने बहुआयामिक गरीबीको रेखामुनि २९ प्रतिशत रहेको छ । मानव विकास सूचकाङ्कमा नेपाल १८९ राष्ट्रमध्ये १४७औं र लैङ्गिक असमानतामा १६२ राष्ट्रमा ११५औं स्थानमा रहेको छ । सन् २०२० को अध्ययन अनुसार ग्लोबल जेन्डर ग्याप इन्डेक्स रेटिङको:

१) Over all Rating- १५३ राष्ट्रमा १०१औं स्थान

२) Economic Participation and Opportunity- १५३ राष्ट्रमा १०१औं स्थान

३) Educational Attainment- १५३ राष्ट्रमा १३३औं स्थान

४) Health & Survival– १५३ राष्ट्रमा १३१औं स्थान

५) Political Empowerment- १५३ राष्ट्रमा ५९औं स्थान

समग्रमा रोजगारमा महिला र पुरुषको अनुपात ५९:१०० रहेको छ। तर सरकारी क्षेत्रको वास्तविक स्थिति भने सन्तोषजनक देखिंदैन । नेपाल प्रहरीमा जम्मा १०.२ प्रतिशत महिला छन् भने ८९.८ प्रतिशत पुरुष रहेका छन्। नेपाल सरकारको सेवाको विवरण त झन् अत्यासलाग्दो छ।

| श्रेणी | महिला | पुरुष |
|---|---|---|
| सचिव | ३ प्रतिशत | ९७ प्रतिशत |
| प्रथम श्रेणी | ७ प्रतिशत | ९३ प्रतिशत |
| द्वितीय श्रेणी | ७ प्रतिशत | ९३ प्रतिशत |
| तृतीय श्रेणी | १३ प्रतिशत | ८७ प्रतिशत |
| अनङ्कित प्रथम | १५ प्रतिशत | ८५ प्रतिशत |
| अनङ्कित द्वितीय | २२ प्रतिशत | ७८ प्रतिशत |
| अनङ्कित तृतीय | १० प्रतिशत | ९० प्रतिशत |
| अनङ्कित चतुर्थ | ३ प्रतिशत | ९७ प्रतिशत |
| अनङ्कित पाँचौं | ६ प्रतिशत | ९४ प्रतिशत |
| श्रेणीविहीन | ९ प्रतिशत | ९१ प्रतिशत |

यसैगरी व्यवस्थापनको क्षेत्रमा उच्च ओहोदा अर्थात् निर्णयकस्तरमा १३.२ प्रतिशत र मध्यमस्तरमा १३.९ प्रतिशत महिलाको मात्र पहुँच रहेको छ । उद्यमशीलतातर्फ सक्रिय महिला २९.८ प्रतिशत छ भने पुरुषहरूतर्फ यो सङ्ख्या ७०.२ प्रतिशत रहेको छ।

स्वास्थ्य क्षेत्रमा ८२ प्रतिशतले मातृसेवा, ६७ प्रतिशतले परिवार नियोजनको सुविधा उपभोग गरिरहेका छन् भने एचआइभी र एचडिभीको सेवा २५ प्रतिशतलाई उपलब्ध छ। तर यौन शिक्षा ग्रहण गर्नेको प्रतिशतलाई रिपोर्टमा ० प्रतिशत देखाइएको छ। महिला हिंसाको कुरा गर्दा १५ देखि ४९ वर्षसम्मका २२ प्रतिशत महिला र विवाहितहरूमा २६ प्रतिशतले यौनजन्य वा अन्य दुर्व्यवहार भोगेको तथ्याङ्क उल्लेख छ र यसमा आश्चर्यजनक के छ भने करीब ३० प्रतिशत महिला र २३ प्रतिशत पुरुष केही अवस्थामा यो ठीक हो भन्ने ठान्छन्।

यस्तो हुनुपछाडिको कारणलाई शिक्षा भन्ने हो भने प्रदेशगत महिला साक्षरता पुरुषको तुलनामा यस प्रकार छ:

| प्रदेश | महिला | पुरुष |
|---|---|---|
| १ | ७८ प्रतिशत | ९२ प्रतिशत |
| २ | ३९ प्रतिशत | ७८ प्रतिशत |
| ३ | ८२ प्रतिशत | ९४ प्रतिशत |
| ४ | ८६ प्रतिशत | ९५ प्रतिशत |
| ५ | ७३ प्रतिशत | ८७ प्रतिशत |
| ६ | ६६ प्रतिशत | ९२ प्रतिशत |
| ७ | ६७ प्रतिशत | ९२ प्रतिशत |

यसमा मधेस प्रदेशबाहेक अन्यमा महिला साक्षरतालाई सन्तोषजनक नै मान्न सकिन्छ । तथापि समाजमा बलात्कारलगायतका घटनाहरू घट्ने अवस्था देखिएको छैन। त्यसैले महिलाहरू आत्मनिर्भर हुने कार्यक्रमहरूको पहुँच र प्रभावकारिता बढाउनुका साथै यौनजन्य घटना सुनवाइका लागि एकजना महिला न्यायाधीश अनिवार्यरूपमा रहने गरी तीन सदस्यीय फास्ट ट्र्याक कोर्टको गठन गर्नु अपरिहार्य छ । यसबाट सामान्य अदालतमा पीडितले भोग्नुपरेको पीडा र समयको बचत हुनुका साथै यस्ता घटना नियन्त्रण हुने अपेक्षा गर्न सकिन्छ। तर नियम जति बनाए पनि नियत ठीक नभए केही हुँदैन भन्ने कुरा निर्मला पन्तलगायतका घटनामा सिद्ध भइसकेकाले 'बेटर हाफ'ले घरबाट नै शिक्षा दिंदा यस्ता घटना र व्यवहारबारे यथोचित शिक्षा दिनु पनि एक उपाय हुन सक्छ। अन्तमा सबै महिलामा अन्तर्राष्ट्रिय नारी दिवसको साथैसाथै समस्त नेपालीमा होलीको मङ्गलमय शुभकामना ।

## त्रिविवि केन्द्रीय पुस्तकालयको शिलान्यास

प्रस, वीरगंज, १ चैत/

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेल र नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्राले त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयको शिलान्यास गरेका छन्।

कार्यक्रममा राजदूत क्वात्राले यो परियोजना भारत र नेपालबीचको बहुपक्षीय एवं बलियो विकास साझेदारीको प्रमाण भएको बताए। उनले नेपालको सामाजिक एवं आर्थिक विकासका लागि नेपाल सरकारसँग भारतले निरन्तर हातेमालो गर्ने बताए । कार्यक्रममा मन्त्री पौडेलले नेपालको शैक्षिक पूर्वाधार विकासमा भारत सरकारले पुऱ्याएको सहयोगका लागि आभार प्रकट गरेका थिए ।

कार्यक्रममा परियोजना कार्यान्वयनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र भारतीय राजदूतावासबीच एक समझदारीपत्रमा हस्ताक्षर भएको थियो। कुल नेरु ३१.६९ करोडको लागतमा भूकम्प प्रतिरोधी पुनर्निर्माण मापदण्डअनुरूप पुस्तकालयको निर्माण हुने भारतीय राजदूतावासले जनाएको छ ।

२०७२ सालको भूकम्पपछिको पुनर्निर्माणका लागि भारतले नेपाल सरकारलाई २५० मिलियन अमेरिकी डलर अनुदान प्रदान गर्ने प्रतिबद्धता गरेको थियो। सो रकममध्ये ५० मिलियन अमेरिकी डलर शिक्षाको क्षेत्रमा खर्च हुने भारतीय राजदूतावासले जनाएको छ । हाल नेपालका आठ जिल्लामा ७१ वटा शैक्षिक संस्था निर्माण भइरहेका छन्, जसमध्ये १४ वटा निर्माण सम्पन्न भई हस्तान्तरण भइसकेको भारतीय राजदूतावासले जनाएको छ। कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका वरिष्ठ अधिकारी, दूतावासका प्रतिनिधि, केन्द्रीय परियोजना कार्यान्वयन एकाइलगायतको सहभागिता थियो।



पुस्तकालयको शिलान्यास गर्दै मन्त्री पौडेल र राजदूत क्वात्रा । तस्वीर: प्रतीक

## बचाउनु मात्र होइन, समग्रमा बचाउनुपर्छ संस्कृति

पाठक/पत्र प्रतिक्रिया

२८ गते प्रतीकमा सञ्जय साह मित्रको लेख 'हराएको होलीको खोजी, र राजेश मिश्रको लेख 'फागु पर्व : लोप हुँदै पारम्परिक लोकगीत' पढें । दुवै लेखको अर्थ करीबकरीब एउटै छ। सञ्जय साह मित्र पारम्परिक होली बचाउनुपर्छ भन्छन् भने राजेश मिश्रले केही लोकगायकको परिचय दिएर त्यही कुरा भनेका छन् । बचाउनु भनेको चिडियाखानामा जङ्गलको एउटा जनावर राखेजस्तो हो। यसले जङ्गलको भव्यता बयान गर्दैन। सङ्ग्रहालयमा ३२ फीटको डायनासोरको दाँत राखेजस्तो हो । सम्पूर्ण जङ्गल मासेर एउटा सौराहाको संरक्षण जङ्गलको संरक्षण होइन। जङ्गल संरक्षणको मतलब सम्पूर्ण चारकोसे झाडीको संरक्षण हुनु हो । होलीको संरक्षणको मतलब श्रीपञ्चमीदेखि फागु पूर्णिमासम्म हरेक दिन गाउँको चौपालमा होली गाउनु हो र पूर्णिमाको दिन रङ अबीरका साथ समाप्त गर्नु हो। राजेश मिश्रले धोरे गाउँका केही लोकगायकको परिचय दिएका छन् । तिनको सम्मान गर्नुपर्छ। तर त्यसले मात्र समग्र संरक्षण हुँदैन । संरक्षण त लोकपरम्परा नयाँ पुस्तामा हस्तान्तरणको निरन्तरता हो। केटाकेटीमा मैले बुबासँग कीर्तन गाएको झल्झली सम्झना आउँछ:

**शङ्करजी दरश देखइअ हो, मेरो लाज बचइअ हो।** जवान हुँदा नहुँदै कीर्तन हराएर गयो। तर पटना स्टेशननजीक हनुमान मन्दिरमा अहिले पनि होली परम्परागतरूपले नै मनाइन्छ । खोइ मधेसका युवाहरू आफूलाई के ठान्छन् ? पहाडमा होली शुरूदेखि नै एक दिन मात्र मनाइन्छ। त्यसैको असर परेको होला। तर पहाडमा मादल र लोकनृत्यको संस्कृति अहिले पनि जीवन्त छ । संस्कृति संरक्षणमा कमीको दोष पढाइलेखाइलाई दिनु पाखण्ड हो । मारिससका मन्त्रीसमेतलाई मैले सधैं कीर्तन गाएको देखेको छु। कति कर्णप्रिय हुन्छ होली गीत भनी साध्य छैन :

**दुनु भईया रोये तरुवर तर, सिया जानकी के ले गइले चोर...नकवेसर कागा ले भागा, सैंया अभागा ना जागा...**

होली गाउने टोलीले ब्रह्मस्थानबाट शुरू गरेर गाउँको घरैघर पुगेर होली गाउँथ्यो र गाउँ परिक्रमा गर्थ्यो। एक घरबाट अर्को घर जाँदा गाउने गीतमा घरलाई शुभकामना दिएजस्तो आभास हुन्थ्यो :

**सदा आनन्दन एही द्वारे मोहन खेले होरी हो, सदा...**

राजेश मिश्रले सरस्वती पूजाको विसर्जनको बेला धूलो उडाउने कुरा गरेका छन्। खोइ यो मलाई थाहा भएन। धूलो त उडाइन्छ जब होली गीत गाउँदै टोली त्यहाँ पुग्थ्यो, जहाँ होली चीर जलाइन्थ्यो । चीरको धूलो उडाउँदै भनिन्छ : जिये से खेले फाग, मरे से लेखा लेवे । त्यसपछि टोलीका सबै पोखरी वा नदीमा नुहाउँथे, जसरी कसैको दाहसंस्कार पछि नुहाइन्छ । यसरी होलिकालाई पनि सम्मान गरिन्छ । फर्कंदा शुरू हुन्थ्यो चैतावर :

**घर ही कोसिला माता करेली सगुनवा, वनही में रामजी के बिते रे फगुनवा।**

अद्भुत छ होलीको संस्कृति । बचाउनुपर्छ, यसलाई समग्रमा बचाउनुपर्छ। होलीको शुभकाना लेखकद्वय, प्रतीक परिवार र सबै देशवासीलाई !

**डा शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# सञ्चालनमा आयो सर्लाहीको नवलपुर सबस्टेशन

काठमाडौं, १ चैत/रासस

सर्लाहीमा स्थापना हुने नयाँ उद्योगका



तस्वीरः प्रतीक

लागि तथा स्थानीयस्तरमा सहजरूपमा विद्युत् आपूर्तिका लागि महत्त्वपूर्ण मानिएको नवलपुर सबस्टेशन सञ्चालनमा आएको छ । सरकार र नेपाल विद्युत् प्राधिकरणको संयुक्त लगानीमा सर्लाहीको लालबन्दी नगरपालिका–१ नवलपुरमा निर्माण भएको १३२/३३ केभी क्षमताको सबस्टेशन मङ्गलवारदेखि सञ्चालनमा ल्याइएको हो ।

सर्लाहीको विद्युत् आपूर्तिलाई भरपर्दो तथा व्यवस्थित बनाउन र आगामी दिनमा खुल्ने नयाँ उद्योगलाई विद्युत् उपलब्ध गराउन निर्माण गरिएको सबस्टेशन आज ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री पम्फा भुसालले उद्घाटन गरेको प्राधिकरणले जनाएको छ ।

उनले आम नेपाली जनताले उज्यालोका लागि मात्र नभई खाना पकाउन, सिंचाइ गर्न, उद्योग तथा कलकारखाना चलाउनका लागि प्रयोग गर्ने विद्युत्को खपत बढाउन आग्रह गरिन् । तराई तथा मधेस क्षेत्रमा सिंचाइमा विद्युत् खपतको प्रचुर सम्भावना देखेर नै सरकारले सिंचाइका लागि विद्युत् महसूल घटाएको उल्लेख गर्दै मन्त्री भुसालले सिंचाइका लागि पेट्रोलियम पदार्थबाट चल्ने उपकरण विस्थापन गर्न आग्रह गरिन् । "अहिले हामी वार्षिक रु दुई खर्बभन्दा बढीको खाद्यान्न आयात गरिरहेका छौं, विद्युत् प्रयोग गरी सिंचाइ गरेर उत्पादन वृद्धि गरौं, बाँझो खेत नराखौं," उनले भनिन्, "विद्युतीय ऊर्जा प्रयोग गरी उद्योग खोलौं, कृषि गरौं र मुलुकभित्रै रोजगारको सिर्जना गर्दै अर्थतन्त्रलाई आत्मनिर्भर बनाउनेतर्फ लागौं ।"

मन्त्री भुसालले सबस्टेशन सञ्चालनमा आएसँगै यस क्षेत्रमा गुणस्तरीय र भरपर्दो विद्युत् आपूर्ति भई औद्योगिकीकरणमा सहयोग पुग्ने भएकाले त्यसतर्फ लाग्न आग्रह गरिन् । सर्लाहीका सङ्घीय सांसद प्रमोदकुमार साहले सबस्टेशनबाट विद्युत् आपूर्ति हुन थालेपछि यस क्षेत्रका बासिन्दाले भरपर्दो र गुणस्तरीय विद्युत् पाउन थालेको बताए । उनले विद्युतीकरण नभएका क्षेत्रमा तत्काल काम गर्न प्राधिकरणलाई आग्रह गरे ।

ऊर्जा सचिव देवेन्द्र कार्कीले सर्लाहीबाट बत्ती जाने धेरै गुनासो आउने गरेकामा अब त्यस्ता समस्या समाधान भएको जानकारी दिए । सरकारले महसूल घटाएकाले विद्युत् चोरी गरी सिंचाइ गर्नुपर्ने अवस्था नरहेको उल्लेख गर्दै उनले चोरी नियन्त्रणमा सहयोग गर्न सबैलाई आग्रह गरे ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले मधेस प्रदेशको विद्युत् आपूर्ति सुधार गर्न अहिले सबैभन्दा बढी लगानी भइरहेको उल्लेख गर्दै त्यसबाट आफ्नो आम्दानी घटाएर भएपनि सिंचाइ, औद्योगिक, खानेपानीलगायत आम घरायसी ग्राहकलाई महसूलमा सहुलियत दिइएको बताए ।

विद्युतीकरणका लागि बजेट अभाव नहुने स्पष्ट पार्दै उनले सबैलाई विद्युत् उपलब्ध गराउने प्रतिबद्धता जनाए । मधेस प्रदेशमा विद्युत् चुहावट बढी नै हुने गरेकाले चुहावट नियन्त्रणमा सहयोग गरिदिन सबैलाई आग्रह गरे । लालबन्दी नगरपालिकाका प्रमुख मानबहादुर खड्काले उक्त सबस्टेशन सञ्चालनमा आएपछि यस क्षेत्र न्यून भोल्टेज र ट्रिपिङको समस्याबाट मुक्त भएको उल्लेख गर्दै यसले आम उपभोक्ताका लागि वरदान भएको टिप्पणी गरे ।

सबस्टेशनमा विद्युत् आपूर्ति शुरू भएपछि सर्लाहीको विद्युत् आपूर्ति भरपर्दो हुनाका साथै चुहावट पनि घटेको छ । यसअघि सर्लाहीमा ढल्केबर र चन्द्रनिगाहपुर सबस्टेशनबाट ३३ केभी लाइनमार्फत विद्युत् आपूर्ति भइरहेको थियो । कुल ३३ केभी लाइन धेरै लामो भएर चुहावट बढी हुनाका साथै विद्युत् आपूर्तिमा समेत अवरोध हुँदै आएको थियो । नवलपुर सबस्टेशनबाट सीधैं विद्युत् आपूर्ति हुन थालेपछि लाइन छोटो हुँदा चुहावट घट्छ, विद्युत् आपूर्ति पनि विश्वसनीय बनेको छ ।

पूर्व–पश्चिम १३२ केभी प्रसारण लाइनको नवलपुर सबस्टेशनमा भित्रने (लुप इन) र बाहिरिने (लुप आउट) छ । यही १३२ केभी लाइनबाट नवलपुर सबस्टेशनमा विद्युत् आपूर्ति दिइएको छ । सबस्टेशनमा १३२/३३ केभी, ६३ एमभिए र ३३/११ केभी, १६ एमभिए क्षमताका दुईवटा ट्रान्सफर्मर राखिएका छन् । यही सबस्टेशनमार्फत सर्लाहीका हरिपुर र मलङ्वा ३३/११ केभी वितरण सबस्टेशनमा विद्युत् आपूर्ति दिइएको छ ।

सबस्टेशनको प्रारम्भिक काम आर्थिक वर्ष २०७४/७५ र मुख्य निर्माण आव २०७५/७६ मा शुरू गरिएको थियो ।

# मुसहर बस्तीमा होलीसँगै पञ्जाब जाने लहर

महोत्तरी, १ चैत/रासस

मधेसमा उल्लास र उमङ्गको पर्व 'होली' (फागु) नजीकिँदै छ । मधेसको प्राचीन मिथिला क्षेत्रमा सामान्यतया सबै घरपरिवार अहिले वर्षभरिका दुःख–सुख बिर्सेर 'होली'को तयारीमा देखिदा छन् । यही नै मुसहर समुदायको बस्तीमा भने 'होली'को रङभित्रै किशोर र युवामा पञ्जाब हिंड्ने तयारी छ ।

"रौ, होली त लक्चियागेलौ, कहिया चल्बे ?" (ल, होली त आइसक्यो, कहिले जाने) मुसहर बस्तीमा आमरूपमा किशोर र युवा पुस्ताले एकअर्कासँग राख्ने जिज्ञासा यस्तै सुनिन्छ । जीवन गुजारा र घरपरिवारको प्रतिपालका लागि पञ्जाब जानु यो समुदायका किशोर र युवाको नियति नै देखिन्छ । थोरै जग्गाजमीन हुनेलाई साहुले ऋण पत्याउँछन्, त्यस्ता विदेश (भारतबाहेकका मुलुक) जान्छन् । आम मुसहर जग्गाविहीन हुनाले यिनीहरूको विदेश कमाइ भनेको भारतको पञ्जाब र हरियाणा नै हुने गर्छ । पासपोर्ट (राहदानी), भिसा केही नचाहिने र एकाध हजार बाटो खर्चको जोहोले पुग्न सकिने भएपछि मुसहर किशोर र युवाको कमाइको गन्तव्य हरियाणा, पञ्जाब हुने गरेको हो ।

कृषि कार्यमा पोख्त मानिने यो समुदायका किशोर र युवा पञ्जाब र हरियाणामा यसै कामले गरेको आर्जनले घरपरिवारमा चाडपर्वको खुशी दिन्छ । मुसहर बस्तीमा जुडशीतल (विक्रम संवत्को नयाँ वर्षमा मनाइने पर्व), छठ र होलीपछि हरियाणा, पञ्जाब जाने लहर चल्छ । 'जो रे पञ्जाब, चल रे पञ्जाब' (जाउ पञ्जाब, हिंड पञ्जाब) यी पर्वपछि मुसहर बस्तीमा यस्तै स्वर गुञ्जन्छन् । पाका अभिभावकले आफ्ना किशोर र युवा उमेरका भाइ, छोरा, भतिजालाई 'जो रे पञ्जाब' (पञ्जाब जाउ) र यी उमेरका किशोर र युवाले आफ्ना दौंतेरीलाई 'चल रे पञ्जाब' (हिंड पञ्जाब) भनेको सुनिन्छ । मुसहर युवाको श्रम गन्तव्य हरियाणा र पञ्जाब भएपनि यिनीहरू बेलीचालीमा भने उता जानुलाई 'पञ्जाब' नै भन्ने गर्छन् ।

मुसहर बस्तीमा घरका भाइ, छोरा, भतिजा पञ्जाब जाने तयारीमा लागेपछि यो अवसर नै खास पर्वजस्तै बन्छ । जोरजाम गरेर सुङ्गुरको मासु, घोङी (मुसहरको प्रिय परिकार मानिने शङ्खेकीरा जस्तै हिलोमा हुर्कने जीव) को झोल र मुसाको चटनी अनि लोकल खोयाबिर्के दारू (रक्सी)को चुस्की । बस्तीभरिका मुसहरको जमघट । भोलि टोलैभरिका केटाहरूको पञ्जाब प्रस्थान । पर्वपछि देखिने मुसहर बस्तीको दृश्य यस्तै हुन्छ । यसै क्रममा अहिले मुसहर बस्तीमा 'होली' को रङ (उत्सव) सँगै पञ्जाबको तयारी बढ्दो छ । 'जो रे पञ्जाब, चल रे पञ्जाब'



वीरगंज महानगरपालिका–३१ बेलवा रहेको मुसहर बस्ती । तस्वीरः फाइल/प्रतीक

चाडपर्व मनाएपछि बस्तीका किशोर र युवा पञ्जाब जाने तयारीमा लाग्नु पछिल्लो एक/दुई दशकयता मुसहर समुदायको चलनजस्तै बनेको छ । मुसहर बस्तीमा पर्व सकेर चैत लागेसँगै बुबा, काका पुस्ताले आफ्ना सन्तानलाई पञ्जाब जान अभिप्रेरित गर्न 'जो रे पञ्जाब' र किशोर युवा भने पञ्जाब जाने आफ्नो जमात बढाउन सम वयस्कलाई 'चल रे पञ्जाब' भनी रहेका भेटिने गर्छन् । जीवन गुजाराको मुख्य काम नै भारतको पञ्जाबमा कृषि मजदूरीलाई बनाएका मुसहर किशोर र युवा त्यता जाने तयारीमा लागेपछि उनीहरू बिदा हुने अघिल्लो रात बस्तीमा भोज खाने यो जातिको परम्पराजस्तै बनेको छ ।

"हाम्रो टोलका केटाहरू अब एक साताभित्रै पञ्जाब जान्छन्," महोत्तरीको भङ्गाहा नगरपालिका–४ रामनगरस्थित मुसहरीटोलका बिलासवा सादा मुसहरले भावुक हुँदै भने, "हामी होलीसँगै उनीहरूलाई पञ्जाब पठाउने भोजको तयारीमा जुटेका छौं ।" महोत्तरी जिल्लाका सबैजसो मुसहर जातिको बसोबासका बस्तीमा होलीसँगै अहिले पञ्जाबको तयारी छ । जिल्लाको बर्दिबास नगरपालिकाका बर्दिबास मुसहरी, बिजलपुरा, पशुपतिनगर, गौशाला नगरपालिकाका रजखोर र फुलकाहा, भङ्गाहा नगरपालिकाका रामनगर, सकरी, भङ्गाहा मुसहरी, कर्पुरगंज, टिकुलिया, अजगेवा, धर्मपुर, हतिसर्वा, सिङ्ग्याही, मेघरोल, धनसपुर र हरिनमरी, औरही नगरपालिकाका चेप्कोट, टिम्किया, भोइल, औरही मुसहरी, खोपी, एकडारा गाउँपालिकाको भटौलिया, लोहारपट्टि नगरपालिकाको डोठारा, लेउरी, पिपराढी र रामगोपालपुरसहितमा मुसहर जातिको सघन बसोबास रहँदै आएको छ । यी बस्तीमा अहिले आमाहरू भारी मनले भर्खर १५/१६ टेकेका छोरालाई पञ्जाब बिदा गर्ने तयारीमा छन् ।

सम्पत्तिको नाउँमा सानो पराले झुप्रो मात्र भएका आफ्नो समुदायका किशोर र युवाको वैदेशिक रोजगारको गन्तव्य भनेकै भारतको पञ्जाब रहेको यस समुदायका बूढापाकाको भनाइ छ । "साहुले ऋण पत्याएका गाउँका अरू समुदायका युवा कमाउन अरब कतार काहाँ काहाँ जान्छन्," भङ्गाहा मुसहर बस्तीका परेग्वा सादाले भने, "हाम्रा छोरालाई त त्यति टाढा जाने रकम पत्याउने साहु (धनी) नै पाइँदैन, त्यसैले पञ्जाब नै जान्छन् ।"

पञ्जाब जान नागरिकता र राहदानी नचाहिने र बढी खर्च नलाग्ने भएकोले मुसहर समुदायका किशोर र युवाको रोजगारको गन्तव्य पञ्जाब हुने गरेको छ । 'कमाइ ल्यायो, भुटी खायो' आहानका उदाहरण मुसहर समुदायमा अहिले पनि नागरिकता बनाउने, पढ्नुपर्ने र सामाजिक/राजनीतिक गतिविधिमा सरिक हुने मालिक (मुसहर गाउँका उपल्लो जात भनिने अरू जाति समुदायलाई मालिकको सम्बोधन गर्छन्) हरूको काम भएको धारणा पाइने गरेको सामाजिक क्रियाकलापमा सक्रिय रहँदै आएको सामाजिक संस्था प्रयास महोत्तरीका अध्यक्ष जिल्लाकै एकडारा गाउँपालिकाको भटौलियाका बासिन्दा प्रवीण कर्णको भनाइ छ ।

जिल्लामा कृषि मजदूरको अभावले खेतबारी बाँझै रहने र यहींकै कृषि कार्यमा दक्ष मानिएका मुसहर भने कृषि मजदूरी गर्न पञ्जाब जाने कुरा उदेकलाग्दो भएको बुद्धिजीवीको टिप्पणी छ । यहाँको कृषि जनशक्ति यहीं लगाउन राज्यस्तरबाट कुनै अग्रसरता नदेखिनु उदेकलाग्दो कुरा भएको बर्दिबास बहुमुखी क्याम्पसका प्रमुख तोपबहादुर ठकुरीले बताए । सम्पत्ति कमाउने र सञ्चित गर्ने सोचसम्म पनि नराख्ने मुसहर समुदायको पञ्जाब पलायन गुजारासँग मात्र जोडिएको छ । आफ्नो गाउँघर वरिपरि नै उचित बनी (पारिश्रमिक) पाए कलकलाउँदो उमेरको छोरालाई पञ्जाब पठाउनु नपर्ने कुरा आफ्ना लागि मीठो कल्पना हुने गरेको

(बाँकी चौथो पातामा)

# नेप्सेमा दोहोरो अङ्कको गिरावट

काठमाडौं, १ चैत/रासस




धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मङ्गलवार दोहोरो अङ्कले घटेको छ । सोमवार ब्रोकर कम्पनीको डेटा सेन्टरमा समस्या भएपनि कारोबारमा व्यवधान खडा भएको थियो ।

नेपाल स्टक एक्सचेन्जका अनुसार आज नेप्से १७.१५ अङ्कले ओरालो लागेर दुई हजार ६५०.९७ मा पुगेको छ । ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ७.२६ अङ्कले ओरालो लागेर ५०२.५९ मा झरेको छ । नेप्से ओरालो लागेसँगै कारोबार रकम पनि सस्तोमा समेटिएको छ । कुल २२९ कम्पनीको ६५ लाख २९ हजार २६ कित्ता शेयर रु तीन अर्ब ३६ करोड ४२ लाख २९ हजार १७५ बराबरको कारोबार भयो ।

नेप्सेका अनुसार कारोबार भएका कुल १३ उपसमूहमध्ये चार उपसमूहको शेयर मूल्य उकालो लागेको छ भने नौ उपसमूहको शेयर ओरालो लागेको छ । होटल तथा पर्यटन ९७.७, निर्जीवन बीमा ६७.३३, जीवन बीमा १०२.७४ र सामूहिक लगानी कोष ०.०९ अङ्कले उकालो लागेको छ । बैंकिङ ११.७८, व्यापार २७.९२, विकास बैंक १२.९१, जलविद्युत् ४५.३६, वित्त ११.४२, उत्पादन १०४.४१, अन्य ३५.५८, लघुवित्त ३९.४९ र लगानी ०.७२ अङ्कले ओरालो लागेको छ ।

मङ्गलवारको कारोबारपछि बजार पूँजीकरण रु ३७ खर्ब ५८ अर्ब ४७ करोड ९६ लाख ५७ हजार ६४६ बराबर पुगेको छ । कारोबारका आधारमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेड शीर्ष स्थानमा छ । सो कम्पनीको रु ३४ करोड २३ लाख ५७ हजार १९४ बराबरको कारोबार भयो । अपि पावर कम्पनी रु १२ करोड २० लाख दुई हजार ३३८, नेपाल लाइफ इन्स्योरेन्स रु ११ करोड ८४ लाख ५२ हजार ३७६, नेपाल पुनर्बीमा कम्पनी रु १० करोड ९१ लाख आठ हजार १३२ र शिवम् सिमेन्ट रु नौ करोड १४ लाख ६६ हजार ६४४ बराबरको कारोबार भई शीर्ष पाँचमा पर्न सफल भए ।

नेप्सेका अनुसार इमर्जिङ नेपाल ९.९८, सगरमाथा इन्स्योरेन्स ६.६४, सोल्टी होटल ६.५१, युनाइटेड इदी मर्दी हाइड्रोपावर ५.८१ र नेपाल पुनर्बीमा कम्पनीका लगानीकर्ताले ४.८७ प्रतिशतले कमाए । नेपाल दूरसञ्चार कम्पनी ५.१३, मैलुङ खोला जलविद्युत् कम्पनी ४.८६, सिफ्टी हाइड्रोपावर ३.९१, माउन्टेन हाइड्रो ३.४५ र नारायणी डेभलपमेन्ट बैंकका लगानीकर्ताले ३.२७ प्रतिशतले गुमाए ।



**सामग्री बिक्री गर्न ग्राहकको प्रतीक्षामा व्यापारी** : गर्मी बढेसँगै काठमाडौंको बालाजुस्थित चक्रपथ छेउमा बालबालिकालाई पौडी खेल्न प्रयोग गरिने विभिन्न सामग्री राखेर ग्राहकको प्रतीक्षामा बसेका सडक व्यापारी । तस्वीरः रासस

# आयुर्वेदको गौरव-गरिमा

## वनौषधिमा निहित असामान्य शक्ति

सबैलाई थाहा छ कि आयुर्वेद मतानुसार रोगको चिकित्साको प्रमुख माध्यम वनौषधि स्तरको वनस्पति नै हो। विषको शोधन र रस–भस्मको जारण–मारण त मध्यकालमा आविष्कृत र प्रचलित भएको थियो। पुरातन पद्धतिको अथर्ववेदमा सुविस्तृत विवेचन छ। आयुर्वेद यसैको एउटा उपाङ्ग हो। यस प्रकरणमा व्याधिसँग निप्टिन र पौष्टिकता बढाउनको लागि वनौषधिको नै वर्णन–विवेचन गरिएको छ। यस सन्दर्भमा ऋषि कल्प महामानव, वैज्ञानिकहरूले चिरकालसम्म गहिरो खोज गरे। वनौषधिको संरचना एवं प्रतिक्रियाको आयुर्वेदशास्त्रद्वारा सर्वसाधारणलाई जानकारी गराए। यी प्रतिपादनलाई जसले बुझ्यो र अपनायो, उनीहरूले आआफ्नो निकटवर्तीको लागि कल्याणकारी लाभ उठाउने ढोका खोले।

जसरी अन्न, जल, वायुको सहारा रस–रक्त बन्छ र जीवनक्रम चल्छ, त्यसै प्रकार विकृति निवारणार्थ र समर्थताको अभिवर्धनमा वनौषधिबाट लाभ पाउन सकिन्छ। दैनिक आहारसरह आवश्यकता अनुसार सन्तुलन बसाउन र बनाइराख्नको लागि वनौषधिको आहार पनि एउटा उच्चस्तरीय स्वरूप मान्न सकिन्छ। त्यसको लाभ पनि असंदिग्ध एवं चमत्कारी हुन्छ। त्यसले हाम्रो व्यथालाई टाल्न र समर्थतालाई विकसित गर्न अनेक प्रकारबाट सहायता गर्छ।

वनौषधिको रासायनिक संरचनाको पनि आफ्नै महत्त्व छ, त्यो चेतनाको संवाहक पनि हो। प्रयोक्ताको प्राणशक्तिलाई पनि उसले आफूमा भर्न सक्छ। र त्यसलाई सेवनकर्ताको कार्य कलेवरसम्म पुऱ्याउन सक्छ। आशीर्वाद, वरदानसरह त्यसलाई आमन्त्रित पनि गर्न सक्छ। यज्ञ धूम्रमा वनौषधिको रासायनिक संरचनाको साथ मन्त्र शक्तिको पनि उपयोग हुनाले प्राण चेतनाको समन्वय हुन्छ। यसै कारण त्यो बढी उत्कृष्ट र समर्थ बन्न पुग्छ।

### जीवेम शरदः शतम्

भगवान्को प्रसादमा तुलसी दल मिश्रित जललाई अभिमन्त्रित गरिन्छ। त्यसको लाभ पनि सात्त्विकताको अभिवृद्धिको रूपमा सेवनकर्ताले पाउँछ। यो साधारण प्रक्रिया हो। यदि यसलाई बढी गम्भीरताले बुझ्न र प्रयोग गर्छौं भने त्यसको परिणति वरदान स्तरको बनाउन सकिन्छ।

**वनौषधि यजन एवं बुटी कल्क सेवनको महत्त्व यस तथ्यमा अवलम्बित छ कि मात्र वनौषधिलाई सूक्ष्मीकृत गर्नु नै पर्याप्त हुँदैन, वरन् मन्त्र शक्तिको आधारमा त्यसलाई सचेतन प्राणवान् पनि बनाएर सम्बद्ध व्यक्तिलाई आशाजनक लाभ पनि दिन सकिन्छ।**

मथुरामा एउटा पुरातन सिद्ध गायत्री टीला छ। त्यसमा एकजना सन्तको निवास एवं तप गर्नको लागि प्रयुक्त हुने एउटा गुफा पनि बनाइएको छ। उनी रात्रि निस्किन्थे र टाढा–टाढासम्म घुमेर अनेक प्रकारका वनौषधि ल्याउँथे। त्यसलाई अभिमन्त्रित गर्दथे। दिनमा थोरै समय सर्वसाधारणलाई दर्शनको लागि राख्थे। मान्छे आफ्नो कठिनाइ बताउँथे र निवारणको लागि उपाय सोध्थे। उनी मौन रहेर मात्र कुनै औषधिको अभिमन्त्रित पात दुःखी व्यक्तिलाई दिन्थे। एउटा पत्ता सधैं सेवन गर्न सङ्केत गर्दथे। त्यसपछि त्यहाँ आउनेहरूको मनोरथ पूरा हुन्थ्यो। उनीहरूमध्ये अधिकांश आफ्नो सङ्कटबाट त्राण पाउँथे। यस तपस्वीको नाम अज्ञात थियो तर मान्छेले उनलाई बुटीसिद्ध भन्थे। यसै नामबाट उनको चर्चा त्यस क्षेत्रमा अहिले पनि हुन्छ। यो वैयक्तिक विशेषतासम्म सीमित रहने प्रसङ्ग होइन, वरन् एउटा सुसम्मत सिद्धान्त पनि हो। वनौषधिको रासायनिक विशेषताको पर्यवेक्षण प्रयोगशालामा भइ नै रहन्छ र त्यस आधारमा उनीहरूको रोग निवारक शक्ति, जीवनीशक्ति संवर्धन सामर्थ्यलाई जानिन्छ, प्रयोग गरेर लाभ उठाइन्छ। तर यस प्रसङ्गमा अहिले त्यति धेरै गहिराइसम्म पुगिएको छैन कि प्राणवान् आत्मशक्तिबाट सम्पन्न व्यक्तिले आफ्नो आध्यात्मिक विभूतिलाई कसरी वनौषधिमा कुटीकुटी भर्छ।

अहिले यस तथ्यमाथि नयाँ सिराबाट विचार गर्नुपर्ने आवश्यकता छ कि प्राचीनकालमा वनौषधिको रासायनिक संरचना चिकित्सा प्रयोजनमा किन भरपूर लाभ दिन्थ्यो र अब यो विशेषता किन संदिग्ध हुँदैछ ? मान्छे आयुर्वेदिक औषधि लिनुको सट्टा एलोपैथीको तीव्र एवं शीघ्र परिणाम देखिने औषधिमाथि बढी विश्वास किन गर्छन् ? वैद्यसँग उपचार गराउनुको सट्टा चिकित्सकको शरणमा किन जान रुचाउँछन्। सोध्दा सेवनकर्ताहरूमध्ये प्रायः सबैको एउटै उत्तर हुन्छ कि आयुर्वेदमा तुरुन्तै लाभ दिने गुण हुँदैन। काष्ठ औषधिको लाभ पनि अबेरले नै हुन्छ र संदिग्ध पनि रहन्छ। स्थिति यस प्रकार बिग्रिँदै जानु त्यस ऋषि अनुसन्धानलाई झूटो बताउनु हो, जसले चिरकालसम्म सम्पूर्ण मानवजातिको आधि–व्याधिबाट मुक्त राख्न असंदिग्ध सहायता गरेका थिए। अब त्यो किन पछि पऱ्यो ? किन कुनै चमत्कारी प्रभाव प्रदर्शित गर्न असमर्थ भयो ? यस सन्दर्भमा शान्तिकुञ्जमा ब्रह्मवर्चस शोध संस्थानले पछिल्लो दश वर्षमा अनवरत प्रयोग परीक्षण गरेको छ र सारगर्भित निष्कर्ष निकालेको छ।

दोस्रो प्रयोग पर्यवेक्षण अहिले पनि अगाडिसम्म चलाउनु छ कि वनौषधिमा प्राणवान् व्यक्तिले कुन सीमासम्म दिव्य शक्तिको प्राणशक्तिको अवधारणा गर्न सक्छ। त्यस समन्वयबाट न केवल शरीरगत व्यथा निवारण भएको वरन् मानसिक सन्तुलन एवं आत्मिक वर्चस्व अभिवर्धनमा पनि सफलता प्राप्त गर्न सकिन्छ। वनौषधि यजन एवं बुटी कल्क सेवनको महत्त्व यस तथ्यमा अवलम्बित छ कि मात्र वनौषधिलाई सूक्ष्मीकृत गर्नु नै पर्याप्त हुँदैन, वरन् मन्त्र शक्तिको आधारमा त्यसलाई सचेतन प्राणवान् पनि बनाएर सम्बद्ध व्यक्तिलाई आशाजनक लाभ पनि दिन सकिन्छ।

## मुसहर बस्ती......

मुसहर बस्तीकी आमा बताउँछिन्। "केकरा ललसा नई जे परिवारके सब गोटे दुःखसुख बाइँट क सँगसाथ रही," (परिवारका सबै सदस्य एकसाथ दुःखसुख बाँडेर बसौं भन्ने कसलाई लाग्दैन र ?) अब एक साताभित्रै छोरो सुकनालाई पञ्जाब पठाउने तयारीमा रहेकी अजगेवाकी फुलोवती सादाले भनिन्, "मुदा, परिवारके गुजरबसरकेलेल बेटा के पञ्जाब भेज परैछै" (तर परिवारको प्रतिपालका लागि छोरा पञ्जाब पठाउनुको विकल्प छैन)।

जिल्लाका मुसहर बस्तीबाट एकलट किशोर र युवा छठ सकिएलगत्तै पञ्जाब गइसकेका छन्। होलीका लागि पर्खेका किशोर र युवा अब धमाधम पञ्जाब जाने तयारीमा रहेका छन्। "धेरैजसो हाम्रा नानीहरू लाग्दो मङ्सिरमैं पञ्जाब गइसके," धमौराको दलित बस्तीका अगुवा उत्तिम सादा मुसहरले भने, "अब बस्तीमा देखिएका किशोर र युवा पनि एक साताभित्रै पञ्जाब जानेछन्।" सम्पत्ति आर्जन गर्ने कुनै लालसा नपालेका मुसहर समुदायका लागि छोरो पञ्जाबबाट फर्किएको दिन मनमाफिकको भोजन गर्ने अवसर हुने गरेको छ। त्यस दिन आफन्तसहित सुङ्गुरको मासु, मुसाको चटनी, घोडीको झोलसँगै घरैया दारू (घरेलु मदिरा) खाएर एकछिन नाचगान गरेपछि छोरो पञ्जाब गएको सार्थक ठानिने मुसहर समुदायको आम धारणा पाइने गरेको छ।

"अरू गाउँका मालिकले अरू चाडपर्व मनाउँछन्," सकरीको मुसहर बस्तीका अगुवा रेबिया सादाले भनिन्, "हामीचैं छोरो पञ्जाबबाट फर्केपछि जलसा (उत्सव) मनाउछौं।" आफ्नो गरीबी र पछौटेपनप्रति सरकार, राजनीतिक दल वा राज्यका अन्य कुनै निकायप्रति कुनै गुनासो नरहेको मुसहर समुदाय आफूलाई भगवान्को खटनपटनले नै ठूलाबडाको सेवाका लागि बनाएको विश्वास गर्छन्। कुपोषण र खानकै कमीले ५० वर्ष नपुग्दै मृत्युको मुखमा पुग्ने मुसहर मुलुकमा जातीय उत्पीडन र पछौटेपनबाट मुक्तिका लागि भइरहेका जातीय र क्षेत्रीय आन्दोलनबाट बेखबर देखिन्छन्। यो समुदायका नानीहरूको विद्यालयमा पहुँच छैन। जिल्लामा करीब ३५ हजार हाराहारी जनसङ्ख्या रहेको यस समुदायबाट अहिलेसम्म एसइई उत्तीर्ण गर्नेको सङ्ख्या अझै ५० ननाघेको जिल्ला शिक्षा विकास एकाइ कार्यालय, महोत्तरीले नै स्वीकार गरेको छ।

कृषि कार्यका लागि दक्ष जनशक्ति मानिने मुसहर समुदायको पञ्जाब पलायन रोक्न राज्य र सङ्घसंस्थाबाट



तस्वीरः फाइल

पहलकदमी नभएको जिल्लाका बुद्धिजीवीले टिप्पणी गरेका छन्। यो कृषि मजदूरको जनशक्तिलाई छेक्न नसके मजदूरकै अभावमा जिल्लाका उर्वर जग्गा बाँझो रहने क्रम बढ्दै जाने जिल्लाकै भङ्गाहाको सीतापुरका बासिन्दा कृषि मन्त्रालयकै सहसचिवबाट अवकाश लिएका कृषिविज्ञ रामबहादुर भुजेलको भनाइ छ।



**केवलकार चढेर सराङ्कोट घुम्न जान लागेका आन्तरिक पर्यटक** : पोखरामा नयाँ पर्यटकीय गन्तव्यका रूपमा थपिएको अन्नपूर्ण केवलकार चैत १ गते मङ्गलवार बिहान ५ बजेदेखि बेलुका ६ बजे सम्म सेवा शुरु गरेको छ। पोखरा महानगरपालिका-१८ को सेदी बगरमा निर्माण भएको अन्नपूर्ण केवलकार बिहानी सेवा सञ्चालनसँगै पर्यटकहरूले सूर्योदयको दर्शन तथा साँझ सूर्यास्तको अवलोकन गर्न सकिने छ। तस्वीरः रासस

# फरक समाचार

## होलीमा भाङ खाएपछि नखानु यी कुरा

होली रङ्गको मात्र होइन, खानपानको पनि पर्व बन्न पुगेको छ। होलीमा



भाङको मजा उठाउनेहरू पनि धेरै हुन्छन्। पहिलोपटक भाङ चाख्नेहरूले अन्य नशा सेवन गर्नुहुँदैन। यस दिन भाङ सेवन गर्न पनि घरपरिवारले छुट दिन्छन्।

**बढी खानुहुन्नः** भाङ सेवन गरेपछि धेरैजनालाई बढी भोक लाग्छ। तसर्थ भोकमाथि नियन्त्रण गर्नुपर्छ। बढी भोजन गर्दा अपच, बान्ता, पेट बिग्रिनेजस्ता समस्या हुन सक्छ।

**औषधिसेवनः** भाङको नशा चढेपछि मान्छेलाई होश रहँदैन र धेरैजनाले भाङको नशा उतार्न अथवा टाउको भारी भएको खण्डमा औषधिसेवन गर्छन्। यसो गर्दा स्वास्थ्यको लागि नोक्सानदायक साबित हुन सक्छ।

**रक्सीसेवनः** स्वास्थ्यको लाग रक्सीसेवन राम्रो होइन। यदि भाङ खानुभएको छ भने रक्सी पिउँदा यसले नशालाई दोब्बर गर्नुका साथै शरीरमा हानि पनि पुऱ्याउँछ। भाङ खाएपछि रक्सी खाँदा चक्कर लाग्ने, बान्ता हुनेजस्ता समस्या हुन्छ।

**बढी नघुम्नेः** भाङ खाएपछि धेरैजना घुम्न रुचाउँछन्। भाङको नशाले चक्कर लगाउँछ, तसर्थ जथाभावी घुमफिर गर्दा चोटपटक लाग्न सक्छ।

## होलीमा गर्भवती महिलाले ध्यान दिनुपर्ने कुरा

बिहीवार र शुक्रवार नेपालमा होली धूमधामका साथ मनाइन्छ। धेरैले होलीको तयारी अहिलेदेखि नै गर्न थालेका छन्। होलीमा खानपिनलाई लिएर



धेरैजनाले योजना बनाउँदैछन्। होली मोजमस्तीको दिन हुन्छ तर यस्तो बेलामा गर्भवती महिलाहरूले निकै सावधानी अपनाउनुपर्छ।

गर्भवती महिलाहरूले होलीमा लापरवाही गर्दा बच्चाको स्वास्थ्यमाथि असर पर्छ। तसर्थ गर्भवती महिलाहरूले सुरक्षित ढङ्गले होली मनाउन निम्न बुँदा अवलम्बन गर्नुपर्छ।

**नाचगान गर्नुहुँदैनः** होलीको खेल्ने समयमा मोजमस्तीका साथसाथै रङ्ग, अबीर उडाउने कुरा सामान्य हो। नाचगानको क्रममा गर्भवती महिलाहरू टाढा बस्नुपर्छ किनभने होलीमा नशाको सुरमा नाचगान गर्दा धक्का लाग्न सक्छ र गर्भमा रहेको शिशुमाथि असर पर्छ।

**अबीरको प्रयोगः** होलीमा विभिन्न रङ्गको प्रयोग हुन्छ। रङ्गमा केमिकल मिसाइएका हुन्छन्, जसले गर्दा गर्भवती महिलाहरूलाई क्षति पुग्न सक्छ। यसैले महिलाहरूले अबीर, केसरजस्ता सुक्खा रङ्गले होली खेल्नुपर्छ। भिजेको रङ्गले होली खेल्ने तथा पानी छ्यापाछ्याप गर्दा गर्भवती महिलाहरू चिप्लिने डर हुन्छ।

**प्राकृतिक रङ्गको प्रयोगः** गर्भवती महिलाहरूको छाला निकै नाजुक हुन्छ र राम्रो–नराम्रो वस्तुको असर उनीहरूको छालामाथि पर्छ। केमिकलयुक्त रङ्गको प्रयोग गर्भवती महिलाहरूको लागि हानिकारक हुन्छ। यसैले हर्बल र प्राकृतिक रङ्गबाट नै होली खेल्नुपर्छ। बजारमा हर्बल रङ्ग सजिलै भेटिन्छ भने घरमैं प्राकृतिक रङ्ग तयार गर्न सक्नुहुन्छ।

**भीडबाट टाढाः** होलीको खुशीमा कोरोना भाइरसलाई बिर्सिनुहुन्न। भीडभाड भएको स्थानमा जानुहुँदैन। घरमा कोही पाहुना आएको छ भने मास्क लगाएर नमस्ते गरेर स्वागत गर्नुपर्छ।

## मुखबाट दुर्गन्ध हटाउने उपाय

धेरैजनाको मुख गन्हाउने समस्या हुन्छ। मुख गन्हाउनु कुनै रोगको पनि सङ्केत हुन सक्छ। होलीमा जथाभावी खानेकुरा तथा नशालु पदार्थ खादा पनि मुख गन्हाउन थाल्छ। तसर्थ घरेलु उपाय अपनाएर मुख गन्हाउने समस्या समाधान गर्न सकिन्छ।



दिनमा कम्तीमा दुईपटक ब्रस गर्नुपर्छ। यसको अलावा ब्रस दुई–तीन मिनेटसम्म गर्नुपर्छ। राति सुत्ने बेलामा पनि ब्रस गर्न बिर्सिनुहुन्न।

ब्रस गर्ने समयमा दाँतको साथसाथै जिब्रोको पनि राम्ररी सफाइ गर्नुपर्छ।

माउथ वाशबाट पनि मुखमा रहेको जर्म्स र ब्याक्टेरिया समाप्त हुन्छ। यसै कारण कम्तीमा ३० सेकेन्डसम्म माउथवासले कुल्ला गर्नुपर्छ।

दाँतको बीच भागको सफाइ गर्न फ्लसिङ गर्नुपर्छ।

**घरेलु उपायः** एक कप पानीमा १ चम्चा दालचिनीको धूलो राखेर उमाल्ने र त्यसपछि यसलाई मनतातो गरेर कुल्ला गर्ने।

मुखको दुर्गध हटाउन सबैभन्दा राम्रो तरीका सौफ र सुकुमेल हो। यी दुवैले माउथ फ्रेशनरसरह काम गर्छ। साथै मुखमा राखेर चपाउन पनि सकिन्छ। त्यसैगरी सौफ र सुकुमेललाई पानीमा उमालेर कुल्ला गर्दा मुखको साथै पेट पनि सफा हुन्छ। ल्वाङको टुक्रा केही बेर दाँतमा राख्ने अथवा यसको चिया बनाएर पिउँदा पनि मुखको दुर्गन्धबाट छुटकारा पाइन्छ। कागती मुखमा राख्दा ब्याक्टेरिया नष्ट हुन्छ। साथै एक कप पानीमा एक चम्चा कागतीको रस मिसाएर कुला गर्दा मुखको दुर्गन्ध समाप्त हुन्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# रूस र युक्रेनबीच दिनहुँ वार्ता भइरहेको छः रूसी वार्ता टोली

मस्को, १ चैत/सिन्ह्वा

रूसी वार्ता टोलीका प्रमुख भ्लादिमिर



तस्वीर: सिन्ह्वा

मेदिन्स्कीले रूस र युक्रेनका बीचमा प्रायः दिनहुँ वार्ता भइरहेको जानकारी दिएका छन्। रूसी राष्ट्रपति भ्लादिमिर पुटिनका निकटस्थसमेत मानिने उनले सो जानकारी दिएका हुन्।

उनले रूस र युक्रेनका द्विपक्षीय वार्ता टोलीका तर्फबाट दिनहुँजसो वार्ता भइरहेको बताउँदै तर ठोस निष्कर्ष भने ननिस्किएको जानकारी दिए। उनले सामाजिक सञ्जालमा लेखेका छन्– हामी दिनहुँजसो वार्ता गरिरहेका छौं, हामीले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनको एजेन्डा अनुसार वार्ता गरिरहेका छौं।

युक्रेनमा करीब तीन हप्ताअघिदेखि रूसले आक्रमण गरिरहेको छ। रूसले उसको शब्दमा युक्रेनमा विशेष सैनिक कारबाई गरिरहेको छ। जसका कारण यहाँ कैयौं नागरिकको ज्यान गएको छ भने युक्रेनका संरचनाहरू पनि ध्वस्त भइरहेका छन्। तर वार्ताबाट कुनै निकास भने निस्किएको छैन।

रूस–युक्रेन द्वन्द्वबाट यहाँको जनजीवन अस्तव्यस्त भएको छ। युक्रेनमा रहेका आफ्ना नागरिकलाई प्रायः सबै देशले फिर्ता लगिसकेको जनाएका छन्। रूसले युक्रेनमाथिको हमला अझै नरोकेकोले यहाँका नागरिकले दिन प्रतिदिन असुरक्षित महसूस गरिरहेका छन्।

### युक्रेनको मिसाइल आक्रमणमा २० जनाको मृत्यु, २८ जना घाइते

मस्को/एएनआई

रूसी विदेश मन्त्रालयले युक्रेनी सेनाले प्रहार गरेको क्षेप्यास्त्रबाट २० जनाको मृत्यु भएको र २८ जना घाइते भएका बताएको छ।

सेनाका अनुसार डोनेट्स्कको एक आवासीय इलाकामा टोचका–यु रणनीतिक मिसाइलले आक्रमण गरिएको थियो। युक्रेनी सञ्चारमाध्यमले डोनबासमा भीषण लडाइँ जारी रहेको बताएको छ।

युक्रेनको सशस्त्र बलका अनुसार १०० जना रूसी सैनिक मारिएका छन् र छवटा गाडी ध्वस्त भएका छन्, द कीभ इन्डिपेन्डेन्टले उल्लेख गरेको छ।

रूसले डोनेस्क ओब्लास्टमा युक्रेनी प्रतिरक्षा तोड्ने प्रयास गरिरहेको पनि बताइएको छ।

कीभ इन्डिपेन्डेन्टले उल्लेख गरेअनुसार रूसले खार्किभमा ब्यालेस्टिक मिसाइल प्रहार गरेको छ।

खार्किभका गभर्नर ओलेह सिनयेहुबोभले खार्किभलाई रूसमा राखिएको छोटो दूरीको इस्कन्डर ब्यालिस्टिक मिसाइल प्रणालीले प्रहार गरेको दाबी गरेका छन्।

गत फेब्रुअरी २४ मा डोनेट्स्क र लुहान्स्क जनगणतन्त्रहरूले आफ्नो रक्षा गर्न मदतको लागि अनुरोध गरेपछि रूसले युक्रेनमा विशेष सैन्य कारबाई शुरू गरेको जनाएको छ।

रूसी रक्षा मन्त्रालयले विशेष अपरेशनले युक्रेनी सैन्य पूर्वाधारलाई मात्र लक्षित गरेको र सर्वसाधारण नागरिक खतरामा नरहेको बताएको छ।

यद्यपि पश्चिमा देशहरूले रूसीहरूको यी दाबीहरूलाई अस्वीकार गरेका छन् र प्रतिक्रियामा पश्चिमी राष्ट्रहरूले मस्कोमा व्यापक प्रतिबन्धहरू लगाएका छन्।

### युक्रेनको राजधानी कीभको मध्यभागमा शक्तिशाली विस्फोट

कीभ/एएफपी

युक्रेनको राजधानी कीभको केन्द्रमा मङ्गलवार बिहानै कम्तीमा तीनवटा शक्तिशाली विस्फोटको आवाज सुनिएको एएफपी पत्रकारहरूले उल्लेख गरेका छन्। उक्त विस्फोटको कारण भने थाहा हुन सकेको छैन।

एकजना एएफपी पत्रकारले टाढाबाट धूवाँको मुस्लो उठेको देखेको तर रातिको समय कफर्यूका कारण त्यहाँ पुग्न नसकेको जनाएका छन्।

### रूस-युक्रेनबीच हरेक दिन वार्ता जारी : प्रतिनिधिमण्डल

कीभ/एएनआई/स्पुतनिक

रूस–युक्रेन वार्ता प्रत्येक दिन भिडियो ढाँचामा चलिरहेको रूसी प्रतिनिधिमण्डलका प्रमुख तथा राष्ट्रपतिका सहयोगी भ्लादिमिर मेदिन्स्कीले बताएका छन्।

"हरेक दिन हप्ताको सातै दिन युक्रेनको प्रतिनिधिमण्डलसँग भिडियोमार्फत वार्ता जारी छ। यो ढाँचाले समय र पैसाको बचत गरेको छ," मेदिन्स्कीले आफ्नो टेलिग्राम च्यानलमा उल्लेख गरेका छन्। उनले राष्ट्रपतिको अपेक्षा र आदेश अनुसार रूसी प्रतिनिधिमण्डलले आफ्नो सबै काम गरिरहेको बताएका छन्।

### पोलिश, चेक, स्लोभेनियाली प्रधानमन्त्रीहरू मङ्गलवार कीभमा

वार्सा/एएफपी

पोल्यान्ड, चेक र स्लोभेनियाका प्रधानमन्त्रीहरूले युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीसँग भेटवार्ताका लागि मङ्गलवार कीभ पुगेको पोल्यान्ड सरकारले एक विज्ञप्तिमार्फत जनाएको छ।

यो भ्रमणको उद्देश्य युक्रेनको सार्वभौमसत्ता र स्वतन्त्रताको लागि सम्पूर्ण युरोपेली सङ्घको स्पष्ट समर्थन पुष्टि गर्नु र युक्रेनी राज्य र समाजको लागि समर्थनको व्यापक प्याकेज प्रस्तुत गर्नु हो, विज्ञप्तिमा भनिएको छ।

### चीन र स्पेनका विदेशमन्त्रीबीच फोनवार्ता

बेइजिङ/सिन्ह्वा

चिनियाँ विदेशमन्त्री वाङ यी र स्पेनिश विदेशमन्त्री जो मानुअल अलवारेसबीच फोनवार्ता भएको छ। उनीहरूका बीचमा सोमवार फोनवार्ता भएको चिनियाँ समाचार समिति, सिन्ह्वाले जानकारी दिएको छ। प्राप्त समाचार अनुसार उनीहरूका बीचमा द्विपक्षीय हितका विभिन्न विषयहरूमा कुराकानी भएको थियो। उनीहरूले पछिल्लो समयमा रूस र युक्रेनका बीचको द्वन्द्वका बारेमा पनि कुराकानी गरेका थिए।

पछिल्लो समयमा युक्रेनमा विकसित भएको परिस्थितिका विषयमा उनीहरूका बीचमा कुराकानी भएको जनाइएको छ। उनीहरूबीच भएको वार्तामा रूस र युक्रेनले तत्कालै युद्धविराम गरी समस्याको समाधान खोज्न आग्रह गरिएको छ। रासस

# यमनमा खाद्यान्न सहयोगका लागि आह्वान

संयुक्त राष्ट्रसङ्घ, १ चैत/सिन्ह्वा

केही वर्षयतादेखि द्वन्द्वमा फसेको यमनमा खाद्यान्नलगायत अन्य आधारभूत आवश्यकताहरूको खाँचो हुँदै गएको सम्बद्ध निकायहरूले बताएका छन्। ती निकायहरूका अनुसार यहाँका नागरिक खाद्यान्न अभावमा परेका छन्। पहिलेका वर्षहरूका तुलनामा खाद्यान्नको अभावमा परेका यहाँका नागरिकको सङ्ख्या यस वर्ष पाँच गुणा बढेको पनि बताइएको छ।

राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ)ले यहाँका नागरिकका लागि अब खाद्यान्न नरहेको भन्दै तत्काल आवश्यकता पूर्ति गर्नुपर्ने बताएको छ। केही हप्ता मात्र अघि पनि संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ)ले खाद्यान्न तथा आवश्यक पोषणाका अभावमा यहाँका बालबालिका बिरामी पर्न थालेका भन्दै आवश्यक सहयोगका लागि विश्व समुदायलाई आग्रह गरेको थियो।

यमनमा यस वर्ष चरम खाद्यान्न अभावमा रहेका व्यक्तिहरूको सङ्ख्या लाखौं हुने बताइएको छ। खाद्यान्न सङ्कटको तीव्र वृद्धिलाई चिन्ताजनक भन्दै यमनका लागि सहायता जुटाउन संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटर्रेसले सबैसँग आह्वान गरेका छन्।

द्वन्द्वग्रस्त यमनमा पहिल्यैदेखि रहेको खाद्य सङ्कट थप जटिल बन्ने प्रक्षेपण गरिएकोमा पछिल्लो समयमा रूस र युक्रेनको द्वन्द्वका कारण पनि पुनः यहाँका नागरिकमा यस्तो सङ्कट बढ्न सक्ने भन्दै सहयोगका लागि उनले आग्रह गरेका हुन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – ज्ञानोदय | वृष – उदरपीडा |
| मिथुन – विजय | कर्कट – धनलाभ |
| सिंह – भाग्योदय | कन्या – बेचैनी |
| तुला – मनोरञ्जन | वृश्चिक – कर्मप्राप्ति |
| धनु – प्रगति | मकर – वादविवाद |
| कुम्भ – यात्रालाभ | मीन – कडाश्रम |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


**रानीघाट-पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

**दाइजोप्रथा गैरकानूनी हो,**
**यसको अन्त्य गरौं।**

**वीरगंज महानगरपालिका**


# बालबालिकाको पहिचानको दस्तावेज जन्मदर्ता प्रमाणपत्र पाउनै कठिन

काठमाडौं, १ चैत/रासस

जन्मदर्ता बालबालिकालाई पहिचान दिने महत्त्वपूर्ण कानूनी दस्तावेज भएपनि पाउन कठिन हुने गरेको पीडितको गुनासो




तस्वीर: रासस

छ। बाल अधिकारसम्बन्धी महासन्धि १९८९ को धारा ७ मा जन्मनासाथ बालबालिकाको जन्मदर्ता गरी औपचारिक नाम पाउने र राष्ट्रियताको अधिकार एवं सम्भव भएसम्म बुबाआमा थाहा पाउने र स्याहार पाउने अधिकारको व्यवस्था गरेको छ।

यो महासन्धिको नेपाल पक्ष राष्ट्र हो। नेपालले बनाएका कानून यो महासन्धिसँग बाझिएमा खारेज हुने व्यवस्था छ। तर अझै धेरै नेपाली बालबालिकाले जन्मदर्ताको प्रमाणपत्र पाउन सकेका छैनन्।

महिला, कानून र विकास मञ्च तथा साथसाथ संस्थाको सहकार्यमा मङ्गलवार राजधानीमा भएको 'जन्मदर्ताका कानूनी व्यवस्था र व्यवहारमा आइपरेका कठिनाइ' विषयक अन्तर्क्रियामा बाबु पाण्डे, सञ्जय राई र रिया तामाङले जन्मदर्ता प्रमाणपत्र नपाउँदाका पीडा सुनाएका थिए।

घटना दर्तासम्बन्धी चेतना नभएका कारण धेरै समस्या देखिएको कार्यक्रममा जानकारी गराइएको छ। बालबालिका कक्षा ८ मा पुगेपछि विद्यालयले जन्मदर्ता प्रमाणपत्र माग्छ। त्यसपछि मात्र धेरै अभिभावक जन्मदर्ता गराउन वडा कार्यालय पुग्ने गरेको संस्थाकी कार्यकारी अधिकृत कविता शाहले सुनाइन्।

पशुपति मित्र माध्यमिक विद्यालय चावहिलमा अध्ययनरत रिया तामाङ पनि यसको प्रतिनिधि पात्र हुन्। बुबाको निधन भएको र आमाको स्थायी ठेगानासमेत थाहा नभएकाले उनले यो समस्या भोग्नुपरेको छ। अन्तिममा वडा कार्यालयको पत्रका आधारमा जन्मदर्ता भएर तामाङले ८ कक्षा पढ्न पाइन्। पाण्डे र राईले जन्मदर्ता प्रमाणपत्र नभएकै कारण विभिन्न समस्या भोग्नुपरेको छ। कोही नभएर पहिले हेल्प नेपालको बालगृह र पछि पशुपति क्षेत्रमा बसेर जीवन गुजारा गरेका पाण्डेले भारत गएर रोजगार गरी जम्मा गरेको पैसा जन्मदर्ता प्रमाणपत्रसमेत नभएकाले बचत गर्न पाएनन्।

तेक्वान्दो शिक्षकका रूपमा कार्यरत राईले जन्मदर्ता एवं नागरिकता नभएकाले विद्यालयमा सिकाउँदा विभिन्न समस्या झेल्नुपरेको छ। कानूनी पहिचानको कागजात नहुँदाका समस्या भोग्ने तामाङ, पाण्डे र राई प्रतिनिधि पात्र मात्र हुन्। यस्ता समस्या देशभर हजारौं छन्। जसको समाधानका लागि कानूनी एवं व्यावहारिक समस्या समाधानका लागि नीति निर्माताको प्राथमिकतामा परेको छैन।

संस्थाले विगत तीन वर्षदेखि काठमाडौं महानगरपालिकाको वडा नं ८, ९ र १५ क्षेत्रका ५१७ बालबालिकाको घटना दर्तामा काम गरेको कार्यकारी अधिकृत शाहले सुनाइन्। ३७९ जना सडक बालबालिकाको घटनालाई अहिले पनि संस्थाले जन्मदर्ता प्रमाणपत्र दिलाउन पछ्याइरहेको छ। यसमध्येको ८५ बालबालिकासँग कुनै पनि कागजात नहुँदा समस्या पर्ने गरेको छ। यसले गर्दा घटना दर्ता गराउन मुश्किल हुने गरेको छ। संस्थाको पहलमा १३८ सडक बालबालिकाको भने जन्मदर्ता भएको छ।

### कानूनी द्विविधाका कारण जन्मदर्तामा समस्या

मञ्चका कार्यकारी निर्देशक सविन श्रेष्ठ बालबालिकाको पहिचानको तत्त्व नै जन्मदर्ता भएपनि यसको प्राप्तिमा हैरानी भोगेको गुनासा आउने गरेको बताउँछन्। जन्मदर्ता गराउन पाउने बालबालिकाको संविधानप्रदत्त मौलिक हक भएपनि कानूनमा भएका द्विविधाका कारण समस्या आउने गरेको उनको भनाइ छ।

संविधान अनुसार नेपालमा जन्मिएका सबै बालबालिकाको जन्मदर्ता हुने व्यवस्था भएपनि कानूनलाई देखाउँदै स्थानीय पञ्जिकाधिकारीले दर्ता गर्न नमान्ने गरेका छन्। मुलुकी देवानी संहिता, २०७४ ले बालक जन्मिएको तीन महीनामा जन्मदर्ता गर्नुपर्ने उल्लेख गरेको छ भने बालबालिका पञ्जीकरण ऐन, २०७६ ले ३५ दिनभित्र जन्मदर्ता गर्नुपर्ने व्यवस्था गरेको छ। बालबालिकासम्बन्धी ऐन, २०७५ मा पनि जन्मदर्ताका विषयमा व्यवस्था गरेको छ।

तीनवटै कानूनमा आमा वा बुबाले सूचना दिएमा जन्मदर्ता गर्ने व्यवस्था छ। आमाबुबा नभई सम्बन्धित स्थानीय तहको क्षेत्रमा पाइने बालबालिकाका सम्बन्धमा सम्बन्धित वडाध्यक्षले दिएको सूचनाका आधारमा जन्मदर्ता गर्ने गरी वडा पिता वा माताको व्यवस्था भएको अधिवक्ता श्रेष्ठ बताउँछन्।

"पञ्जीकरण नियमावली, २०७६ को अनुसूची १० मा निवेदन दिने विषयमा बुबा बेपत्ता वा ठेगाना पत्ता नलागे

(बाँकी अन्तिम पातामा)


**Nijgadh Municipality**
Office of the Municipal Executive
Nijgadh, Bara
Madhesh Pradesh, Nepal

## Invitation for Sealed Quotations

*(Date of First Publication: B.S. 2078/12/02)*

Nijgadh Municipality, Office of the Municipal Executiveinvites sealed quotations from Nepalese eligible bidders for the protection works of ShaidHiralal Park View Tower situated in Nijgadh-4, Nijgadh, Bara under the prevailing laws.

1. Eligible bidders may obtain further information and inspect the Bidding Documents at the Office of the Municipal Executive, Nijgadh during office hours. A complete set of Bidding Documents may be purchased from the Office of the Municipal Executive, Nijgadh during office hours by eligible bidders on the submission of a written application, along with the copy of renewed company/firm and VAT/PAN registration certificates, and upon payment of a non-refundable fee of NRs. 1000.00 till the 15th day of the first publication of this notice.
2. Sealed bids must be submitted to the Office of the Municipal Executive, Nijgadh before 12:00 p.m. on the 16th day of the first publication of the notice. Bids received after this deadline will be rejected.
3. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at the office of the Municipal Executive, Nijgadh at 4 p.m. on the 16th day of the first publication of this notice. Bids must be valid for a period of 150 days after the bid opening and must be accompanied by a bid security amounting to a minimum of (2.5% of the estimated amount inclusiveVAT), which shall be valid for 30 days beyond the validity period of the bid.
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such a case, the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. The use of tipex (eraser) shall be unacceptable. If there is a difference between the amount quoted in figures and words, the amount quoted in the words shall be valid.
6. The Office of the Municipal Executive, Nijgadh reserves the right to accept or reject, wholly or partly any or all the sealed quotations without assigning any reason, whatsoever.
7. Matters not mentioned in this notice will be applicable as per the prevailing laws.
8. The basic detail of the contract is as follows:-

| Contract No. | Description of Work | Estimated Amount (Inclusive of VAT) | Bid Security Amount |
|---|---|---|---|
| NM/HLPT/2078/079 | Protection Works of Shaid Hiralal Park View Tower | Rs. 2000000.00 | Rs. 50000.00 |

# ठोरीमा उपभोक्ता अधिकार दिवस मनाइयो

चिरञ्जीवी सापकोटा, ठोरी, १ चैत/

विश्व उपभोक्ता अधिकार दिवस ठोरी गाउँपालिकामा विभिन्न कार्यक्रम गरी मनाइएको छ।



तस्वीरः प्रतीक

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंजको आयोजनामा प्रभातफेरी कार्यक्रमको आयोजना गरिएको थियो। प्रभातफेरीमा चेतनामूलक प्लेकार्ड बोकी विद्यार्थी, व्यापारी, शिक्षक तथा सरोकार निकायका प्रतिनिधिहरूको सहभागिता थियो।

ठोरी गापा–२ को सरस्वती माध्यमिक विद्यालयबाट शुरू भएको प्रभातफेरी गौतमनगरमा पुगेर कोणसभामा परिणत भएको थियो। कोणसभामा गापा अध्यक्ष पद्मलाल श्रेष्ठले ठोरीमा जनचेतनामूलक कार्यक्रमको आयोजना गरेकोमा आयोजकलाई धन्यवाद दिए। उनले ग्रामीण भेगका व्यवसायमा लागेका व्यवसायीहरू र उपभोक्ताहरूलाई यस प्रकारको कार्यक्रमले सहयोग पुग्ने बताए। उनले राज्यले मुहानलाई नै सफा गरी निगरानी गर्नुपर्नेमा व्यापारीलाई मात्र निशाना बनाउन नहुने धारणा राखे।

कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले ठोरी भारतीय सीमासँग जोडिएको भएकोले सामान खरीद गर्दा उपभोक्ता चनाखो र सजग हुनुपर्ने धारणा राखे। उनले सरकारले लगाएको नीति–नियमभित्र रहेर काम गर्न व्यवसायी र उपभोक्तालाई आग्रह गरे।

वाणिज्य कार्यालय, वीरगंजका निमित्त कार्यालय प्रमुख दीलिपखड्ग खत्रीको सभापतित्वमा भएको कार्यक्रममा वडाध्यक्ष किशोर तामाङ, सरस्वती माविका प्रधानाध्यापक केशवप्रसाद रेग्मी, व्यवसायी विष्णु विष्ट, नेपाल पत्रकार महासङ्घ, पर्साका उपाध्यक्ष युवराज खड्कालगायतले मन्तव्य राखेका थिए।

कार्यक्रमको सहजीकरण वाणिज्य कार्यालय, वीरगंजका नासु रामप्रवेश यादवले गरेका थिए।

# भन्सार छलीका सामान भन्सार चलान

प्रस, वीरगंज, १ चैत/

जिल्ला प्रहरी कार्यालय पर्साले करीब चार लाख मूल्य बराबरको भन्सार छली भित्रिएको सामान बरामद गरी वीरगंज भन्सार कार्यालय चलान गरेको छ

जिप्रका, पर्साले वीरगंज महानगरको इनर्वा, नगवा र छपकैयाबाट भन्सार छलीका खाद्यान्न, लत्ताकपडा र हार्डवेयरका सामानहरू बरामद भएको जनाएको छ। करीब तीन लाख चौरासी हजार मूल्यबराबरको सामान बरामद भएको र आवश्यक कारबाहीको लागि वीरगंज भन्सार कार्यालय चलान गरिएको सो कार्यालयले जनाएको छ।



## बालबालिकाको पहिचान.....

सोसम्बन्धी प्रहरी प्रतिवेदन चाहिने उल्लेख छ, यो व्यवस्थाले संविधानभन्दा ऐन ठूलो र ऐनभन्दा नियमावली ठूलो भन्ने देखिएको छ, यो व्यवस्था गलत भएको छ," उनले भने।

जन्मदर्तासम्बन्धी सर्वोच्च अदालतका केही निर्णय भएपनि तिनलाई नजीरका रूपमा कार्यान्वयन नगर्दा बालबालिकाको जन्मदर्ता गर्न जाने अभिभावकलाई कठिनाइ हुने गरेको छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका निर्देशक विनीता भट्टराई राज्यभित्र जन्मने सबैको जन्मदर्ता गर्ने व्यवस्था रहेको बताउँछिन्।

दुई कारणले जन्मदर्तामा समस्या हुने गरेको उनले सुनाइन्। एउटा कारण घटना भएपछि सूचना दिने कुरा सूचकलाई थाहा नहुँदा आवश्यक परेपछि मात्र स्थानीय पञ्जिकाधिकारीकहाँ पुग्ने गरेका छन्। दोस्रो कारण सूचकलाई जन्मदर्तालगायत घटनाका बारेमा सूचना दिने सम्बन्धमा जनचेतना जगाउन सकिएको छैन। ऐनमा भएको व्यवस्थाका कारण आएका समस्या समाधानका लागि संशोधन गर्न एक वर्षअघि नै कानून मन्त्रालयमा पठाएकामा सरकार परिवर्तनका कारण सकिँदैन भन्ने जवाफ आएको निर्देशक भट्टराईले सुनाइन्।

"देशभरका छ हजार ७४३ वटै वडामा स्थानीय पञ्जिकाधिकारीका रूपमा काम गर्ने वडा सचिव नभएका कारण पनि समस्या आएको छ, एउटै सचिवले १३ वटासम्म वडा हेरेकाले पनि समयमै जन्म, विवाह, मृत्यु, सम्बन्धविच्छेदलगायत व्यक्तिगत घटना दर्तामा समस्या छ, पञ्जीकरण कानून न राज्यले बुझ्यो, न नागरिकले," उनले भनिन्।

पञ्जीकरणका विषयमा ऐनमा अस्पष्टता भएपछि विभागले कार्यविधिसमेत बनाएको छैन। स्थानीय पञ्जिकाधिकारीको स्थायित्व नहुँदा पनि घटना दर्तामा समस्या आउने गरेको छ। विभागले तालीम दिएको केही समयमै वडा सचिव सरुवा हुने गरेकाले यो समस्या आएको हो। यसैले पञ्जीकरणसम्बन्धी हाते कागजात तयार पारेर काम गर्न लागिएको विभागले जनाएको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव शान्तिराज प्रसाई बालबालिकाको रेखदेख गर्नेले पनि घटना दर्ता गर्न सक्ने व्यवस्था भएकाले कानूनीरूपमा समस्या आउनुपर्ने कारण नरहेको बताउँछन्। अरू कानून बाझिए पनि बालबालिकाको विषयको सम्बोधन बालबालिकासम्बन्धी ऐन अनुसार गरेमा कुनै समस्या नआउने उनले सुनाइन्।

राष्ट्रिय बाल कल्याण परिषद्का कार्यक्रम अधिकृत नमूना भुसाल स्थानीय तहमा बाल कल्याण अधिकारी राख्नुपर्ने कानून व्यवस्था कार्यान्वयन गरेर जन्मदर्तालगायत बालबालिकाका समस्या समाधानमा समन्वयको काम गराउन सकिने सुझाव दिन्छिन्। विद्यार्थी ८ कक्षामा पुगेपछि परिषद्मा पनि जन्मदर्ताको प्रमाणपत्र माग्न आउने गरेको उनले सुनाइन्।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

# खेलकूदको संसार

## वीरगंजमा प्रथम महिला गोल्डकप शुरू

### उद्घाटन खेलमा सर्लाही पराजित

प्रस, वीरगंज, १ चैत/

वीरगंजमा आजदेखि प्रथम महिला गोल्डकप शुरू भएको छ। वीरगंज युथ एकेडमीको आयोजनामा वीरगंजस्थित नारायणी रङ्गशालामा शुरू भएको प्रतियोगिता उद्घाटन वीरगंजका मेयर विजय सरावगीले गरेका थिए।

उद्घाटन खेल बागमति युवा क्लब सर्लाही र सिद्धबाबा युवा क्लब अमलेखगञ्ज बीच भएको थियो।

निर्धारित ७० मिनेटको खेलमा कुनै पनि गोल नहुँदा खेल टाइब्रेकरमा धकेलिएको थियो।

अमलेखगञ्जले सर्लाहीको २ गोलको विरुद्ध ४ गोल गरी टाइब्रेकरमा पराजित गरेको आयोजक संस्थाका संयोजक ऋतु शाक्यले जानकारी गराए। चैत १० गतेसम्म चल्ने खेलमा नेपालका बागमति खेलकुद विकास समिति खपरीवाडी, हेटौंडा युथ क्लब, निजगढ युथ क्लब, वीरगंज युथ एकेडमी र बिहारको छपरा र नरकटियागंज गरि कुल ८ वटा टिमको सहभागिता रहेको छ। विजेतालाई ३० हजार र उपविजेतालाई १५ हजार राशिको यो प्रतियोगिताको दोस्रो खेल चैत २ गते वीरगंज युथ एकेडमी र हेटौंडा युथ क्लबीच हुने छ।

प्रतियोगिताको हरेक खेलमा उत्कृष्ट फरवार्डर, मिड फिल्डर, गोल किपर, डिफेन्डरहरूलाई जनही १/१ हजारले सम्मानित गर्ने काम पनि भइरहेको आयोजकले जनाएको छ।

## यू-१९ राष्ट्रिय क्रिकेटः सुदूरपश्चिमको टोली घोषणा

बैतडी, १ चैत/रासस

मुख्यमन्त्री कप १९ वर्षमुनिको राष्ट्रिय महिला क्रिकेट प्रतियोगिताका लागि सुदूरपश्चिम प्रदेशको टोली घोषणा गरिएको छ।

सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घका सचिव तेजप्रकाश भट्टका अनुसार प्रतियोगिताका लागि १४ सदस्यीय टोली घोषणा गरिएको हो। टोलीमा स्नेहा महरा, मनीषा चौधरी, अन्नु कडायत, जानकी थापा, सुधा धामी, पवित्रा धामी, यशु पाण्डेय, यशोदा विष्ट, मनीषा बोहरा, सीमा कुँवर, आयुष्मा धानुक, रमा बुढाथोकी, अनीता जोशी र राधिका पुजारा रहेका छन्।

यस्तै, लक्ष्मी महर, कशिश पाल, चेतना कुँवर र मनीषा बोहरा वैकल्पिक खेलाडीको रूपमा छनोट भएको सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घले जनाएको छ। बन्द प्रशिक्षणमा उत्कृष्ट प्रदर्शन गरेको आधारमा १४ जनाको टोली घोषणा गरिएको सुदूरपश्चिम क्रिकेट प्रशिक्षक जानकीकुमारी भट्टले बताइन्।

नेपाल क्रिकेट सङ्घको आयोजना र सुदूरपश्चिम प्रदेशको सहयोगमा यही चैत ६ गतेदेखि धनगढीमा १९ वर्षमुनिको महिला राष्ट्रिय क्रिकेट प्रतियोगिता हुँदैछ। १९ वर्षमुनिको मुख्यमन्त्री कप महिला क्रिकेट प्रतियोगिता पहिलोपटक आयोजना गरिएको हो। धनगढीको फाप्ला क्रिकेट मैदानमा सञ्चालन हुने प्रतियोगितामा मुलुकका सातै प्रदेशको सहभागिता रहनेछ। उद्घाटन खेलमा सुदूरपश्चिम र कर्णालीबीच प्रतिस्पर्धा हुनेछ।

प्रतियोगिताले महिला क्रिकेट खेलाडी उत्पादन र विकासमा सहयोग पुग्ने नेपाल क्रिकेट सङ्घका अध्यक्ष चतुरबहादुर चन्दले बताए।

# अनेमसङ्घको सिमरामा वडा सम्मेलन

प्रस, जीतपुर, १ चैत/

नेकपा एमालेनिकट अखिल नेपाल महिला सङ्घ जीतपुरसिमरा उपमहानगरपालिका–१ को प्रथम वडा सम्मेलन सिमरामा सम्पन्न भएको छ। भेला उद्घाटन गर्दै प्रमुख अतिथि जिल्ला सचिवालय सदस्य तारा कार्की, अमृतलाल श्रेष्ठ, नगर संयोजक भोला अधिकारी, जिल्ला सदस्य कासिम हुसैन,



तस्वीरः सौजन्य

अनेमसङ्घकी केन्द्रीय सदस्य कमला घिमिरेले महिला अधिकारका लागि सबै लाग्नुपर्ने कुरामा जोड दिइन्। एमाले बाराका नेता मनोज पौडेलले नेपाली जनता गठबन्धनबाट मुक्त हुन चाहेको बताउँदै आगामी निर्वाचनमा गठबन्धनलाई एमालेले पराजित गर्ने दाबी गरे। वडाध्यक्ष ईश्वर थपलियाको अध्यक्षतामा भएको कार्यक्रममा एमाले महिला नेत्रीहरू देवी सापकोटा, सुभद्रा न्यौपाने, अनीता चौधरी, रेणु रिमाल, गीता घलेलगायतले भेला सफलताको लागि शुभकामना व्यक्त गरेका थिए। कार्यक्रमको सहजीकरण पार्वती कार्कीले गरेकी थिइन्।

सम्मेलनले अम्बिका घिमिरेको अध्यक्षतामा ३१ सदस्यीय वडा कमिटी गठन गरेको छ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

## ग्याँसको प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू

- ग्याँस तथा आगो बालुन्जेल भान्सा छाडेर टाढा नजाऔं।
- प्रयोग गरिसकेपछि ग्याँसको चुलो र रेगुलेटर बन्द गरौं।
- यथासम्भव ग्याँस सिलिन्डरलाई भान्सा कोठाभन्दा बाहिर राखौं।
- ग्याँस सिलिन्डर र सिलिन्डरको पाइप समय–समयमा जाँच गरौं, कुनै खराबी वा टुटफुट भए, तुरुन्त मर्मत गरौं।
- ग्याँस सिलिन्डर लिंदा सिल भए/नभएको हेरेर मात्र लिऔं।
- तौल कम भएको, धेरै गन्हाउने (लिक भएको शङ्कास्पद) सिलिन्डर घरमा नल्याऔं।
- सलाई, लाइटरजस्ता प्रज्वलनशील सामग्री केटाकेटीले भेट्ने गरी नराखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड